अल्जाइमर्सका बिरामीलाई सहयोग गरौं
- अल्जाइमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धूमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिंदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 08 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९८

## सुक्खा बन्दरगाह भन्सारबाट ३८ करोडको लाइटर आयात

प्रस, परवानीपुर, २१ मङ्सिर/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट पछिल्लो तीन महीनामा रु ३८ करोड ३६ लाख ७८ हजार मूल्य बराबरको सात करोड १६ लाख ९६ हजार थान लाइटर आयात भएको भन्सार कार्यालयले जनाएको छ।

भन्सार कार्यालयले करीब भन्सार महसूल पाँच करोड ७५ लाख ५१ हजार ८३९ र पाँच करोड ७३ लाख ६० हजार मूल्य अभिवृद्धि कर गरी कुल ११ करोड ४९ लाख ११ हजार ८५१ राजस्व सङ्कलन गरेको प्रमुख भन्सार अधिकृत डा रामप्रसाद मैनालीले जानकारी दिए। उनका अनुसार पछिल्लो तीन महीनादेखि चुरोट सल्काउन प्रयोग गरिने ग्याँस लाइटरको आयात ह्वात्तै बढेको उनले बताए।

गत वर्ष १८ नोभेम्बर २०२२ देखि डिसेम्बर १ सम्म दुई करोड ७५ लाख ६२ हजार ४५० मूल्य बराबरको ५२ लाख ४३ हजार थान आयात भएको थियो। पोहोर भन्सार महसूल ४१ लाख



३७ हजार ३६९ र मूल्य अभिवृद्धि कर ४१ लाख २० हजार ५८९ गरी कुल ८२ लाख ५४ हजार ९५८ मात्र राजस्व सङ्कलन भएको थियो।

गत आवभन्दा चालू आवको तीन महीनामा भन्सार महसूल र मूल्य अभिवृद्धि करमा १० करोड ६६ लाख ५६ हजार ८९३ बढी राजस्व सङ्कलन भएको देखिन्छ भने ३५ करोड ६१ लाख १६ हजार ३७६ मूल्य बराबरको छ करोड ६४ लाख ५३ हजार थान बढी ग्याँस लाइटर आयात भएको देखिन्छ।

## पोखरियामा सेवाकेन्द्र तत्काल नखोलिने

प्रस, वीरगंज, २१ मङ्सिर/

पोखरियामा मालपोत, भूमिसूधार, इलाका प्रशासन कार्यालयलगायत सेवाकेन्द्र स्थापनाको विषय केही समयको लागि टरेको छ।

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्नप्रसाद चौहानले अर्थ मन्त्रालयका सचिवले कर्मचारी आपूर्ति हुन नसक्ने बताएपछि पोखरियामा विभिन्न कार्यालयहरूको सेवाकेन्द्र स्थापना गर्ने अभियान तत्कालका लागि स्थगित भएको बताएका छन्। उनले पोखरियामा सेवाकेन्द्र स्थापनाका लागि सङ्घ र प्रदेश सरकारलाई विभिन्न चरणमा ध्यानाकर्षण गराएको तर अर्थ मन्त्रालयले आर्थिक समस्याको कारण कर्मचारी आपूर्ति हुन नसकेको बताएपछि हाललाई सो अभियान स्थगित गर्नुपरेको बताएका छन्।

उनले पोखरिया नपाले कार्यालयको घरभाडाको व्यवस्था गर्ने र कर्मचारीहरू सरकारले व्यवस्था गर्नुपर्ने कुरा अगाडि बढे पनि अर्थ मन्त्रालयका सचिवले कर्मचारी आपूर्तिमा आर्थिक समस्याको कारण अडचन लगाएपछि सो अभियान


तस्वीरः फाइल

अहिले स्थगन गर्नुपरेको बताए।

पोखरिया पर्सा जिल्लाको दोस्रो सदरमुकाम मानिए पनि मालपोत, भूमिसुधार र प्रशासनिक सेवा सुविधा छैन। पोखरिया आसपास ग्रामीण भेगका जनता सेवा लिन वीरगंज धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न पोखरिया नपाका प्रमुख चौहानसहित स्थानीय सर्वदलीय सर्वपक्षीय व्यक्तिहरूले सेवाकेन्द्र स्थापनाका लागि लामो समयदेखि पहल गर्दै आएका छन्।

## भारतमा लाइटर प्रतिबन्ध भएपछि चिनियाँ लाइटरको तस्करी बढ्यो

पछिल्लो तीन महीनादेखि चिनियाँ ग्याँस लाइटरको तस्करी बढेको छ। विदेशबाट पहिले छोहोडा, केराउ, मरिचलगायत आयात गरी वीरगंजबाट क्यारिङमार्फत भारततर्फ तस्करी हुने गरेकामा अहिले चिनियाँ ग्याँस लाइटरको तस्करी पनि बढेको छ।

भारत सरकारले भारु २० भन्दा कमको प्लास्टिकको लाइटरले प्रदूषण बढाएकोले चिनियाँ लाइटरमाथि प्रतिबन्ध लगाएको छ। साथै स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति अनुसार चिनियाँ लाइटर आयातमा भारतले प्रतिबन्ध लगाएको हो। त्यसैको फाइदा उठाउँदै नेपाली व्यवसायीहरूले चीनबाट तातोपानी भन्सार नाका र कोलकाताबाट रेलमार्ग हुँदै चिनियाँ लाइटरको आयात बढेको छ। यसको आयातमा वीरगंजदेखि काठमाडौंका प्रतिष्ठित कर्पोरेट घरानाहरू संलग्न छन्।

काठमाडौंकै अरुण ट्रेडर्सले भित्र्याएको प्रिमियम क्वालिटीको लाइटर २ डिसेम्बरमा पटनामा बरामद भएको थियो। पटना प्रहरीका डिएसपी राजेश कुमारका अनुसार नेपालबाट तस्करी भएर पुगेको तीन लाख ३६ हजार थान लाइटर बरामद भएको जनाएका छन्।

त्यसैगरी, भारतीय प्रहरीकै अनुसार दिल्लीबाट ४ डिसेम्बरमा २० लाख थान (दुई हजार कार्टुन) लाइटर दिल्ली प्रहरीले बरामद गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।

भारतमा चुरोट सल्काउन प्रयोग गरिने ग्याँस लाइटरको अभाव हुन थालेपछि नेपाली व्यवसायीहरूले चीनबाट भन्सार नाका हुँदै वैधरूपमा ग्याँस लाइटर भित्र्याइरहेका छन् र भारतीय सीमाक्षेत्रको गोदाममा भण्डारण गरी क्यारिङमार्फत भारत पठाउने गर्छन्।



भारतको पटनामा बरामद भएको अरुण ट्रेडर्सको प्रिमियम लाइटर। तस्वीरः प्रतीक

ग्याँस भर्न नमिल्ने लाइटरको चीनमा प्रतिलाइटर रु ५.३२ पर्छ भने नेपाल भित्र्याइसकेपछि सो लाइटरको मूल्य करीब रु सात पर्न जान्छ। दुई रुपैयाँ ६८ पैसा भन्सार महसूल, मूल्य अभिवृद्धि कर, ढुवानी र अन्य शुल्क गरी पर्छ। त्यसैगरी, ग्याँस रिफलिङ हुने ग्याँस लाइटरको रु सवा रुपैयाँ बढी पर्न जान्छ। सोही लाइटर भारतमा पुगेपछि भारु सातभन्दा बढीमा बिक्री हुन्छ। अर्थात् प्रतिलाइटरमा नेरु चारदेखि छ नाफा कमाउने गरी तस्करी बढेको हो।

चालू आवमा हालसम्म विभिन्न नाकाबाट करीब १४ करोड थान ग्याँस लाइटर नेपाल आयात भइसकेको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलका अनुसार तातोपानी भन्सार नाकाबाट ५० कन्टेनर र वीरगंज ड्राइपोर्ट भन्सार नाकाबाट ७७ कन्टेनर गरी करीब १२७ कन्टेनर लाइटर जाँचपास भएर भित्रिसकेको छ। २० फिटको एउटा कन्टेनरमा ११ सय कार्टुन अट्छ। एउटा कार्टुनको वजन १५ किलो हुन्छ भने त्यसमा एक हजार थान ग्याँस लाइटर हुन्छ। ११ सय कार्टुनको दरले एउटा कन्टेनरमा ११ लाख कन्टेनर अट्ने व्यवसायीहरूले जनाएका छन्।

१४ करोड ग्याँस लाइटर आयात हुनु भनेको १२७ कन्टेनर माल हो। जसमध्ये श्रीसिया सुक्खा बन्दरगाहबाट झन्डै आधा लाइटर भित्रिएको भन्सारको तथ्याङ्कले देखाउँछ। सुक्खा बन्दरगाहबाट पछिल्लो तीन महीनामा करीब सात करोड १६ लाख ९६ हजार थान लाइटर भित्रिएको देखिन्छ।

त्यसैगरी, तातोपानी भन्सार नाकाबाट जाँचपास हुन करीब ३० कन्टेनर माल बाँकी रहेको छ भने सुक्खा बन्दरगाह भन्सारमा पनि ५० भन्दा बढी कन्टेनर जाँचपास हुन सकेको छैन। अर्को सिपमेन्ट भएर बाटोमा ५० कन्टेनर होल्ड रहेको बुझिएको छ।

**सरकारले मूल्याङ्कन बढाएपछि लाइटर छुटाउन छाडे व्यवसायीले**

पछिल्लो तीन महीनादेखि धमाधम जाँचपास गरी भित्र्याइरहेका नेपाली व्यवसायीहरूले लाइटर जाँचपासको काम रोकेका छन्। सरकारले गत शुक्रवार १ डिसेम्बरका दिन प्रतिलाइटर चार सेन्टबाट छ सेन्ट अर्थात् ५० प्रतिशत मूल्याङ्कन दर वृद्धि गरेकोले यसैको विरोधस्वरूप व्यवसायीहरू लाइटर छुटाउन नचाहेका हुन्। काठमाडौंका व्यवसायी ओमप्रकाश मोरका अनुसार सरकारले गैरकानूनीरूपमा मूल्याङ्कन वृद्धि गरेको आरोप लगाए। चीनबाट खरीद गरेको कुल मूल्यमा नयाँ नियमले गर्दा नेपाली भन्सार नाकामा बिलिङ अमाउन्ट फरक पर्ने हुँदा प्रतिकन्टेनर ११ लाख २८ हजार रुपैयाँ व्यवसायीमाथि थप भार पर्ने उनले बताए।

एक कन्टेनर माल खरीद गर्न पहिलेको दर अनुसार ११ सय कार्टुनको ४० डलरको हिसाबले ४४ हजार डलर पर्छ। यसलाई नेपाली रुपैयाँमा परिणत गर्दा ५८ लाख ७४ हजार हुन जान्छ। १५ प्रतिशत भन्सार महसूल (आठ लाख

(बाँकी अन्तिम पातामा)

## प्रादेशिक अस्पताल, गौर तीन महीनादेखि प्रमुखविहीन

प्रस, रौतहट, २१ मङ्सिर/

करीब तीन महीनादेखि प्रादेशिक



तस्वीरः प्रतीक

अस्पताल, गौर प्रमुखविहीन हुँदा सेवाग्राही मर्कामा परेका छन्।

सामाजिक विकास मन्त्रालय मधेस प्रदेश स्वास्थ्य निर्देशनालयबाट प्रमुखको जिम्मेवारी सञ्जीवकुमार सिंहलाई दिएर पठाएको एक हप्ता नबित्दै डा कृष्ण साहलाई प्रादेशिक अस्पताल गौरको प्रमुखको जिम्मेवारी दिएर पठाइएकोले प्रमुख सिंहले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा रिट दिएकाले दुवै प्रमुख अस्पताल आउन छाडेका कारण सेवाग्राही मर्कामा परेका हुन्।

असोज महीनादेखि नै अस्पताल प्रमुखविहीन बनेको हो। प्रादेशिक अस्पतालमा प्रमुख नहुँदा समयमा चिकित्सक नआउने, जाँचको लागि बाहिर पठाउने, रेफर गर्ने जस्ता सेवाग्राहीहरूले अनेकौं दुःख पाउँदै आएका छन्।

अस्पतालमा जाँच गर्ने सुविधा हुँदाहुँदै पनि अस्पतालबाहिर कमिशनको लोभमा पठाउने गरेको सेवाग्राहीहरू बताउँछन्।

अस्पतालमा उपचार राम्ररी नगर्ने, निजी क्लिनिकमा जाँच गराउनुपर्ने जस्ता अनेकौं कठिनाइ भोगिरहेको सेवाग्राहीहरूले बताए।

## विश्रामपुर गापामा गहुँको बीउ वितरणमा अनियमितता

प्रस, परवानीपुर, २१ मङ्सिर/

बारा, विश्रामपुर गाउँपालिकाबाट यस वर्ष गहुँको बीउ वितरणमा अनियमितता भएको छ। गापाले वितरण गरेको गहुँको बीउमा सर्वसाधारण किसानभन्दा आसेपासे नेता, कार्यकर्तालाई बीउ वितरण गरिएको गाउँलेहरूले आरोप लगाएका छन्।

गत मङ्गलवार गापाले पाँचवटा वडामा १२० जनाको दरले करीब छ सयजनालाई ११८ क्विन्टल (११ हजार ८ सय किलो) गहुँको बीउ वितरण गरेको थियो। गापाले प्रतिकिलो ८० रुपैयाँको दरमा वितरण गरेको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरेको थियो। रु ८० को खरीदमा रु ४० गापाले अनुदान दिएको थियो भने रु ४० किसानले तिरेका थिए।

वडा नं १, २, ४, ५ मा विवाद नभएको तर वडा नं ३ विश्रामपुर गापा कार्यालयस्थलमा बीउ वितरणमा होहल्लासमेत भएको गाउँलेहरूले बताए। आसेपासेलाई बढी ग्राह्यता दिन खोज्दा बीउ वितरणमा विवाद हुँदा झैंझगडा



तस्वीरः प्रतीक

भएको थियो। यस विषयमा गापा कर्मचारीले माग अत्यधिक र बीउ सीमित भएकोले विवाद सिर्जना भएको बताए। गापाको कार्यपालिकाले बढीमा २० किलो र एउटा वडा १२० जनाभन्दा बढीलाई बीउ वितरण गर्न नमिल्ने मापदण्ड बनाएकोमा वडा नं ३ मा तीन सयभन्दा बढीको लाइन लागेपछि विवाद भएको थियो।

गापाका सूचना अधिकारी देव मण्डलका अनुसार जनप्रतिनिधिभन्दा वास्तविक किसानलाई बीउ वितरण भएकोमा यसमा विवाद नगर्न आग्रह गरे।

## विचारसार र सूक्तिहरू

**समयले उसैलाई काबिल बनाउँछ, जसले समयलाई काबिल सम्झिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# दलको विकल्प दल

**नेपालका राजनीतिक दलहरूले केही गरेनन्, दलले देशलाई रित्तो पारे नेपाली जनताको गुनासो छ । तर उक्त गुनासो सुन्न राजनीतिक दलहरू कति पनि तयार छैनन् । कुन दल मन पर्छ भनेर सोधियो भने अधिकांश नेपालीले कुनै पनि मन पर्दैन भन्ने जवाफ दिन्छन् । दलहरूको अपरिपक्वता, अक्षमता, अपारदर्शिता, फोहरी खेल र लुटतन्त्रप्रति जनता वाक्कदिक्क र आक्रोशित छन् । जनताले पटकपटक दललाई खबरदारी गर्दा पनि नसच्चिएपछि स्थानीय निर्वाचनमा स्वतन्त्र व्यक्तिलाई जिताएर र प्रतिनिधिसभामा नयाँ राजनीतिक दललाई राम्रै सबक सिकाएका छन् । सङ्घीय राजधानी काठमाडौं महानगरपालिकाको प्रमुखमा अत्यधिक मतले स्वतन्त्र व्यक्तिले जित्नु भनेको सात दशक राजनीतिक इतिहास बनाएका दलहरूलाई सामान्य पाठ होइन । काठमाडौं, धरानलगायत नेपालका प्रमुख शहरमा स्वतन्त्रले जित्दा पनि अझै दलहरूले आफ्नो अहङ्कार र दम्भ देखाइरहेको देखिन्छ । यतिबेला कुनै राजनीतिक हैसियत नबनाएका दुर्गा प्रसाईं र मुलुकका राजनीतिक दलहरूबीचको पक्ष–विपक्षमा सोचेभन्दा बढी जनता प्रसाईंको पक्षमा देखिनु पनि दलहरूप्रतिको नागरिक आक्रोश हो भन्ने बुझ्नुपर्छ । आक्रोश तथा असन्तुष्टि क्षणिक र दीर्घकालीन जुन पनि हुन सक्छ । जेहोस्, दलहरूलाई अबको विकल्प भनेको सच्चिने कि सकिने भन्नेछ ।**

**हामीले अवलम्बन गरेको लोकतान्त्रिक व्यवस्था संसारमा चलेका विभिन्न व्यवस्थाहरूमध्ये उत्कृष्ट व्यवस्था मानिएको छ । लोकतन्त्रमा राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपाली जनता जतिसुकै रिसाएर दलबाहेकलाई मतदान गरे पनि दलको विकल्प स्वतन्त्र हुन सक्दैन, लोकतन्त्रमा दलको विकल्प दल नै हो । अत: लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । तर दलहरूमा लोकतान्त्रिक संस्कार हुनु अनिवार्य छ । हाम्रो मुलुकमा रहेका अधिकांश राजनीतिक दल पैसा कमाउने र ठग्ने धन्दामा लागेका हुनाले जतिसुकै दल भएपनि त्यसले दलको विकल्प दल नै हो भन्ने विश्वास नागरिकमा पार्न सकेको छैन । राजनीति दलहरूमा सैद्धान्तिक आचरण छैन । दलहरू आफ्नो नीति र सिद्धान्तमा चल्न सकेका छैनन् । प्रमुख राजनीतिक दलहरू नेकपा एमाले, नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, मधेस केन्द्रितलगायतका दलहरूको मूल मर्म सत्ताको रस्वादन मात्र रहेको हालसम्मको क्रियाकलापले देखायो ।**

**राजनीतिक दलहरू व्यक्ति–व्यक्तिको आकाङ्क्षा, कुण्ठा, पदलोलुपताले गर्दा जुट्ने र फुट्ने गरेका छन् । स्वार्थलोलुपताले जुटेका हुन्छन् भने फेरि त्यही स्वार्थलोलुपताले नै फुटेका हुन्छन् । दलभित्रका सङ्गठित भनिएका कार्यकर्ताहरूमा पार्टी, नीति, सिद्धान्तको पक्षपोषक नभई नेतृत्वको पिछलग्गु र झोले, हनुमान बनेका छन् । हरेक पार्टीमा झोले र टिकेहरूको हालीमुहाली छ । पार्टीलाई बलियो बनाउनेतर्फभन्दा पनि पार्टीभित्रका गुट, उपगुट, परिवारजन, भाइभारदार, नाताकुटुम्बलाई कसरी बलियो बनाउने भन्ने ध्याउन्न छ । नेतृत्वले पनि निजी सम्पत्ति बाँडे सरह आसेपासे आफन्तलाई पदहरू बाँड्ने र भजन गाउन लगाउने गरिरहेका छन् । योग्यता र क्षमताको कदर छैन । अब त दलका नेताहरू जातीयता र क्षेत्रीयताको नाममा पसल खोलेर 'फुटाउ अनि राज गर' को बाटोमा गइसकेका छन् । यो विकृति लोकतान्त्रिक व्यवस्थाको होइन । लोकतान्त्रिक व्यवस्थामा खुलेका दल र तिनका नेताहरूको चरित्र अलोकतान्त्रिक छ । यसर्थ व्यवस्थालाई दोष दिनेभन्दा पनि व्यवस्थाविपरीतका दलको विकल्प खोज्नु जरुरी छ ।**

# नेपालमा वैदेशिक लगानी

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**आर्थिक वृद्धिको दृष्टिकोणले वैदेशिक लगानीको अहम् भूमिका छ । यसबाट समग्र अर्थतन्त्र उकासिन्छ । वैदेशिक लगानी र आर्थिक वृद्धिबीच सकारात्मक सम्बन्ध छ । उच्च मात्रामा वैदेशिक लगानी भित्र्याएका औद्योगिक राष्ट्रको आर्थिक वृद्धिदरले यो कुराको पुष्टि गर्दछ ।**

वैदेशिक लगानीविना कुनै पनि देशको आर्थिक विकास सम्भव छैन । विगतका दिनमा राजनीतिक अस्थिरता, बन्द, हडताल र चन्दा–आतङ्क, मजदूर समस्या, नियम कानूनमा अस्थिरता आदिका कारण वैदेशिक लगानी भित्रन सकेन । अब देशमा राजनीतिक स्थिरता छ, मजदूर समस्या छैन, तर काम नपाएर नेपालीहरू विदेश गइरहेका छन् । सरकारले लगानीमैत्री कानून र वातावरण निर्माण गरेको छ । विगतमा पनि लगानी सम्मेलन भएकै हो तर पनि वैदेशिक लगानीकर्ताहरूको विश्वास जित्ने काम किन हुन सकेन ? आउँदो नयाँ वर्षको हिलो महीनामा नै लगानी सम्मेलन आयोजना गरिंदैछ । यसको उद्देश्य पक्कै पनि वैदेशिक लगानी भित्र्याउनु हो, तर जबसम्म नेपालमा वैदेशिक लगानीको रङ हेर्ने काम हुनेछ, तबसम्म देशले आर्थिक प्रगति गर्न सक्ने छैन, न वैदेशिक लगानी नै भित्रने छ ।

देशका अर्थशास्त्रीहरूका अनुसार नेपालमा सरकारी प्रक्रियामा झन्झट र विश्वासमा आएको कमीका कारण विदेशी लगानीकर्ताहरू आकर्षित हुन नसकेका हुन् । हामीले वैदेशिक लगानी भित्र्याउन आवश्यक पूर्वाधार निर्माण तथा लगानीमैत्री वातावरण निर्माण गर्नु आवश्यक छ । नेपालमा उद्योगलाई सहजीकरण गर्नेभन्दा पनि नियमन गर्ने परिपाटी बढी हावी छ । त्यसैले विदेशी तथा स्वदेशी लगानीकर्ताहरू आश्वस्त हुन सकिरहेका छैनन् । नेपालमा लगानीको गन्तव्य धेरै छ, तसर्थ यहाँ लगानी भित्र्याउन हामी अझ धेरै खुला हुनुपर्छ । लगानीमैत्री वातावरण निर्माण र लगानीकर्ताको विश्वास जित्ने काम हुनुका साथै वैदेशिक लगानीकर्तालाई निरुत्साहित पार्ने तत्त्वहरूमाथि कारबाई गर्ने साहस सरकारले जुटाउन सक्नुपर्छ ।

नेपालका उद्योगपतिहरू आफ्नो लगानी केवल निजी बैंक, निजी विद्यालय र निजी अस्पतालमा गरिरहेका छन् । यसले खासै रोजगार सिर्जना गर्ने छैन । यसबाट उत्पादन बढ्ने छैन, न आम जनतालाई यसबाट लाभ भइरहेको छ, न सरकारलाई नै । यसले युवा र श्रमिकहरूको पलायन पनि रोक्न सकिरहेको छैन । यसले देशमा आर्थिक असमानता नै बढाएको छ । राजनीतिक दलका नेताहरू स्वयं पनि यसै कार्यमा संलग्न छन् । जुन कामलाई निरुत्साहित पार्नुपर्ने हो त्यसलाई मलजल गर्ने काम भइरहेको छ ।

उत्तरी छिमेकी चीन वामपन्थी देश भएर पनि सबैभन्दा बढी वैदेशिक लगानी भित्र्याइरहेको अवस्था छ । आधुनिक चीनको विकास गाथाको प्रेरणास्रोत मानिएका देङ सियाओ पिङले लागू गरेको उदार आर्थिक नीतिकै कारण चीन अहिले विश्वको दोस्रो आर्थिक शक्ति बनेको छ । चीनले विगत साढे चार दशकदेखि आर्थिक उदारीकरणको नीति आत्मसात् गर्दै आएको छ तर नेपालका चीन समर्थक वामपन्थीहरू वैदेशिक लगानीको विरोध गरिरहेका छन् ।

विश्वको कुनै पनि देश एकैचोटी शक्तिशाली र समृद्ध बनेको छैन । मुलुकको विकासको निम्ति शासकहरूको दृढ इच्छाशक्ति, समर्पण, राष्ट्रप्रेम, इमानदारी र सतत् प्रयास आवश्यक मानिन्छ । भिजन भएको नेताले मात्रै देश र जनताको जनजीवनमा आमूल परिवर्तन ल्याउने साहसी निर्णय गर्न सक्दछ । राष्ट्र र जनतालाई सर्वोपरि ठान्ने नेताहरूबाट मात्रै यो सम्भव हुन सक्छ । नेपालभन्दा पनि गरीब एवं दासताको लामो पृष्ठभूमि बोकेका राष्ट्रहरूले पनि निकै कम समयमा उल्लेखनीय प्रगति गरेको इतिहास छ । एक्काइसौं शताब्दीमा आर्थिक प्रगति चाहने कुनै पनि राष्ट्रले वैदेशिक लगानी भित्र्याउनुको विकल्प छैन ।

२०७८ असार मसान्तसम्मको तथ्याङ्क अनुसार सबैभन्दा धेरै प्रत्यक्ष वैदेशिक लगानी भारतबाट आएको सर्वेक्षणमा उल्लेख छ । नेपालमा ५५ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । जसमध्ये भारतबाट सबैभन्दा बढी अर्थात् ७५ अर्ब ८१ करोड र त्यसपछि क्रमश: चीनबाट ३३ अर्ब, आयरल्यान्डबाट १६ अर्ब ४८ करोड, सिङ्गापुरबाट १५ अर्ब ४८ करोड र सेन्ट किट्स एन्ड नेभिसबाट १४ अर्ब ५१ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । तथ्याङ्क अनुसार कुल प्रत्यक्ष वैदेशिक लगानीमा भारतको ३३.३ प्रतिशत रहँदा चीनको हिस्सा १४.५ प्रतिशत रहेको छ ।

नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६०.५ प्रतिशत औद्योगिक क्षेत्रमा र ३९.४ प्रतिशत सेवा क्षेत्रमा रहेको देखिन्छ । औद्योगिक क्षेत्र अन्तर्गत जलविद्युत् क्षेत्रमा ३०.८ प्रतिशत र उत्पादन क्षेत्रमा २९.५ प्रतिशत वैदेशिक लगानी रहेको छ । यसैगरी कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६.९ प्रतिशत सेवा क्षेत्र अन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूको छ ।

वैदेशिक लगानीलाई प्रोत्साहित गर्न तदनुरूप नीति–नियमको निर्माण आवश्यक मानिन्छ । विदेशी लगानीकर्तालाई उनीहरूको अपेक्षा अनुरूप सेवा, सुविधा उपलब्ध गराउनुपर्दछ । नेपालमा केही यस्ता व्यक्ति र समूह पनि छन् जो विकासविरोधी कार्यकै लागि ख्याति कमाएका छन् । दुई देशबीच सम्झौता हुँदा, वैदेशिक लगानी भित्रिंदा वैदेशिक लगानीमा कुनै उद्योगधन्दा स्थापित हुन लाग्दा र राष्ट्रहरूले नेपाललाई आर्थिक अनुदान दिंदासमेत विरोध गर्ने गरिन्छ । विदेशी निर्माण कम्पनीले ठूला परियोजनाको काम गर्दा नानाथरिका व्यवधान खडा गरिन्छ । परियोजना निर्माण स्थलमा मजदूर उचाल्ने, जथाभावी मुआब्जाको विषय चर्काउने, फलानो देशको ठेकेदार किन काम गर्दैछ, फलानो देशको किन आएन ? भनेर समस्या नै खडा गरिन्छ । भारत र अमेरिकाको नाम सुनेपछि त्यसमा अनर्थ हुने आशङ्का गरिन्छ र आशङ्काकै भरमा सडक प्रदर्शन गरिन्छ ।

वैदेशिक लगानी नेपालजस्तो विकासोन्मुख देशका लागि आवश्यक भएको छ । विकासोन्मुख देशमा आर्थिक–सामाजिक विकासका लागि पूँजीको अभाव रहने गरेका कारण विकासको पूर्वाधार खडा गर्नका लागि सरकारले चाहिंदो मात्रामा पूँजी लगानी गर्न सक्दैन भने अर्कोतिर निजी क्षेत्रले पनि आफूसँग भएको पूँजीलाई विकासको कार्यमा लगानी गर्न चाहँदैन । त्यसकारण देशको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न सहुलियत तथा सुविधा दिलाएर विदेशीहरूलाई पूँजी लगानी गराउने वातावरण सिर्जना गर्नु अति आवश्यक भएको छ ।

वैदेशिक लगानीका लागि पूँजीमात्र उपलब्ध नभई व्यवस्थापकीय क्षमता, प्राविधिक जनशक्ति, प्राविधिक ज्ञान, प्रशासनिक दक्षता, नयाँ उत्पादन विधि, व्यावसायिक संस्कार आदि पनि देशमा सँगै भित्रिन्छ । वैदेशिक लगानीबाट घरेलु लगानीसमेत प्रोत्साहित भई सस्तो मूल्यमा गुणस्तरयुक्त वस्तु उपभोग गर्न उपभोक्ताहरू सफल हुन्छन् । वैदेशिक लगानी प्रचुर मात्रामा देशमा भित्रिए करको माध्यमबाट सरकारले राजस्व पनि बढाउन सक्छ । खुला र उदार अर्थ व्यवस्थाको माध्यमबाट मात्र कुनै पनि देशको आर्थिक र भौतिक विकास सम्भव हुन्छ भन्ने नीतिगत मान्यता १९९० तिर स्थापित भएपछि विकासशील मुलुकहरूले विदेशी लगानी भित्र्याउन ऐन–कानूनमा परिवर्तन र परिमार्जन गरे, प्रशस्त सुधार गरे अनि मात्रै विदेशी लगानीले मान्यता पायो । श्रम, सीप र कच्चा पदार्थको प्रचुरता भएको मुलुकमा वित्तीय स्रोत र प्राविधिक ज्ञानको उपयोग गर्न सके आय, रोजगार वृद्धि र साधनको सदुपयोगिताको प्रत्याभूति हुन सक्दछ । विदेशी लगानीकर्ताले अर्को राष्ट्रमा पूँजी लगानी गर्ने कार्यलाई वैदेशिक लगानी भनिन्छ ।

आर्थिक वृद्धिको दृष्टिकोणले वैदेशिक लगानीको अहम् भूमिका छ । यसबाट समग्र अर्थतन्त्र उकासिन्छ । वैदेशिक लगानी र आर्थिक वृद्धिबीच सकारात्मक सम्बन्ध छ । उच्च मात्रामा वैदेशिक लगानी भित्र्याएका औद्योगिक राष्ट्रको आर्थिक वृद्धिदरले यो कुराको पुष्टि गर्दछ । नेपालको आर्थिक विकासको निम्ति र रोजगार सिर्जनाको निम्ति वैदेशिक लगानी अपरिहार्य छ ।

# स्थानीय सरकारका असल अभ्यास

स्वतन्त्र विचार



कृष्णहरि बास्कोटा

**केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् ।**

हरेक सिक्काका दुई पाटा हुन्छन् भनेझैं सङ्घीय शासन प्रणालीमा उदाएका ७५३ पालिकाले विगत सात वर्षमा थुप्रै राम्रा काम पनि गरेका छन् । यस आलेखमा अन्य पालिकाका लागि अनुसरण गर्न मिल्ने केही प्रमुख अभ्यासको चर्चा गर्ने जमर्को गरिएको छ ।

**कृषि सुधार**

नेपाल कृषिप्रधान देश हो । यसर्थ नेपालका पालिकाहरूले खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । केही पालिकाले 'एक वडा एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको डयाङ बनाउने मेशीन, धान काट्ने रिपर, पावर टिलर, मिनी टयाक्टरजस्ता उपकरणमा कम्तीमा ५० प्रतिशत अनुदान दिएका छन् ।

केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन् । कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनावर, बाँदर, कीरा आदिबाट जोगाउन बजेट छुटयाएका छन् । केही पालिकाले बाँदरलाई कोत्रामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् ।

यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका बिरुवा वितरण गरेका छन् भने केही पालिकाहरूले आफ्नै नर्सरी स्थापना गरेका छन् । केहीले आलु, अलैंची, किवी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाख्रापालन, भैंसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरीद गर्न थालेका छन् । केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन् ।

केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् । केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन् ।

**पशुपालन विकास**

केही पालिकाले नश्ल सुधार कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले कोरियाली बाछी वितरण गरेका छन् । केहीले सुत्केरी गाई र भैंसीलाई भत्ता दिन प्रारम्भ गरेका छन् भने केहीले गाईवस्तुको जन्म, बसाइँसराइ र मृत्युदर्ता तथा गाईगोरु जन्म दर्ता गर्न एप तयार गरेका छन् । केहीले छाडा गाईवस्तु नियन्त्रण गरी गौशाला सञ्चालन गरेका छन् भने केहीले पशु बीमा गर्न लाग्ने आधा रकम अनुदान दिएका छन् ।

केही पालिकाले दूध, घ्यू, छुर्पी र चीजको उत्पादन बढाउन याक वितरण गरेका छन् भने केहीले महिलाको आय वृद्धि गर्न बाख्रा वा कुखुरा वितरण आरम्भ गरेका छन् । कसैले सुङ्गुरका पाठा अनुदानमा वितरण गरेका छन् भने केहीले ब्याडे बोको खरीद गरी पालिकामा ल्याएका छन् । केही पालिकाले गोठालो भत्ता दिएका छन् भने केहीले बेमौसमी घाँसका लागि साइलेस प्रविधि भित्र्याएका छन् ।

**शिक्षामा सुधार**

केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक विद्यालयलाई नमूना तुल्याएका छन् । केहीले पोलिटेक्निकल इन्स्टिच्युट स्थापना गरेका छन्, केहीले साइन्स ल्याब खडा गरेका छन् । केही पालिकाले विद्यालयमा इहाजिरी र सिसी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## व्यापार विकासका समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालमा व्यापारको विकास नहुनुको मुख्य कारण भने राष्ट्रिय राजनीति सदा अस्थिर रहनु हो । नेताहरूको स्वार्थी चरित्रले गर्दा नेपालको राजनीति २०४६ देखि अस्थिर रहँदै आएको छ । माओवादनीहरूको 'जनयुद्ध' पछि, नेपालको राजनीति अकल्पनीय किसिमले अस्थिर हुन पुग्यो ।**

नेपालमा व्यापारको विकास किन व्यवस्थित किसिमले भएन ? अहिले पनि हाम्रो व्यापार पद्धति किन परम्परागत छ ? देशले उदार एवं बजार अर्थ व्यवस्था अङ्गीकार गरे तापनि देश किन धनी हुन सकेन ? तुलनात्मकरूपमा किन झन् गरीब हुँदै गएको छ ? राष्ट्रिय रोजगारमा किन ठूलो सङ्कुचन आएको छ ? बहुसङ्ख्यक व्यापारीहरूले किन दीर्घकालीन लगानी गरिरहेका छैनन् ? बैंकहरूमा निक्षेप छ तर ऋण लिनेहरूले किन ऋण नलिएका होलान् ? यस्ता अनेक प्रश्न छन् । र यी प्रश्नहरू हामी आफैंले आफूसँग सोध्नुपर्ने भएको छ ।

हाम्रो राष्ट्रिय व्यापारको विकास हुन नसक्नुका अनेक कारण छन् । ती कारणहरूको खोजी गर्नुपूर्व अहिलेको युगमा व्यापारको महत्त्व झन् किन बढेको छ, त्यसबारे चर्चा गरौं । पचास–साठी वर्ष पहिलेसम्म हामी आफूलाई आवश्यक पर्ने आधाभन्दा बढी वस्तु आफैं उत्पादन गर्थ्यौं । आफ्नो उपभोगका लागि आवश्यक पर्ने तरकारी, फलफूल, मासु (पशुपालन), माछा, अन्न आदि आफैंले उत्पादन गर्थ्यौं । कपडा, जुत्ता, चप्पल, भाँडा, मेशीन, औजार आदि जुन आफैं उत्पादन गर्न सकिन्थेन, बजारबाट खरीद गर्दथ्यौं । त्यसकारण हामीले बजारबाट खरीद गर्ने सामानहरूको सङ्ख्या कम थियो । अहिले स्थितिमा ठूलो परिवर्तन आएको छ । अहिले हामी केवल श्रम उत्पादन गर्छौं । र त्यही एक श्रम उत्पादन गरेर, त्यसलाई बजारमा बिक्री गरेर, बिक्रीबाट प्राप्त रकमले जीवन निर्वाहका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री बजारबाट खरीद गर्छौं । आफूले श्रमबाहेक केही पनि उत्पादन नगर्ने र बहुसङ्ख्यकले यस्तै गर्ने भएकाले हामी आफ्नो श्रम बेच्न बाध्य छौं । हाम्रो श्रम बिक्री गर्न हामीलाई बजार चाहिन्छ । हामीले श्रम बिक्री गर्नुपर्छ र यस्तो गर्न हामीलाई बजार अवश्य नै चाहिन्छ । बजारमा पुगेर हामीले व्यापार गर्नुपर्छ । अर्थात् आफूसँग रहेको श्रम बिक्री गरेर आफूलाई आवश्यक पर्ने अनेक सामग्री बजारबाट खरीद गर्नुपर्छ । यो युगमा व्यापार हाम्रो लागि यस कारण आवश्यक हुन पुगेको छ । अति महत्त्वपूर्ण यसरी हुन पुगेको छ ।

एकातिर व्यापार हाम्रो लागि अति महत्त्वपूर्ण हुन पुगेको छ भने अर्कोतिर स्थानीय एवं राष्ट्रिय व्यापारको विकास हुन सकिरहेको छैन । के कस्ता कारणले गर्दा हाम्रो राष्ट्रिय व्यापारको विकास हुन सकिरहेको छैन, आउनु होस् त्यसबारे चर्चा गरौं ।

१. छिटो धनी हुने प्रवृत्तिः हामी जब व्यापारको स्थापना वा आरम्भ गर्छौं, त्यस्तो गरेको एक वर्षभित्र नै धेरै मुनाफा कमाएर करोडपति बन्ने उद्देश्य राख्छौं । व्यापार आरम्भ गरेको दुई–चार वर्षपछि मुनाफा होला भनेर कुर्दैनौं । मुनाफा नभएको दोस्रो वर्ष नै व्यापार बन्द गर्ने सोच राख्छौं । आज व्यापार गऱ्यो, भोलि करोडपति बन्ने हाम्रो प्रवृत्तिले गर्दा पनि हाम्रो राष्ट्रिय व्यापारको विकास हुन सकिरहको छैन । हाम्रो राष्ट्रिय प्रवृत्ति नै छिटो धनी बन्ने रहेको छ । तर व्यापार आरम्भ गरेको चार वा पाँच वर्षपछि मात्र राम्रो किसिमको मुनाफा प्राप्त हुन्छ । पहिलो, दोस्रो, वा तेस्रो वर्षसम्म मुनाफा पटक्कै नहुन सक्छ ।

२. अनुभव साझा गर्ने परम्पराको अभावः हामी कहाँ सफल वा अनुभवी व्यापारीहरू आफ्नो सफलताको कथा वा अनुभव व्यापार गर्न खोज्ने वा सिक्नेहरूलाई सुनाउने चलनको सर्वथा अभाव छ । यस्तो किन भएको हो बुझ्न कठिन छ । सफल वा अनुभवी व्यापारीहरूले आफ्ना सन्तान वा परिवारका अन्य सदस्यलाई आफ्नो व्यापारिक अनुभव सिकाउँछन् तर व्यापार गर्न खोज्ने अन्य व्यक्तिलाई सिकाउँदैनन् । आफ्नो व्यापारको गोप्यता वा सूत्र सार्वजनिक होला भनी सोच्छन्, डराउँछन् । त्यस्तो सोच्नु सङ्कीर्ण प्रवृत्ति राख्नु हो । राष्ट्रिय व्यापारको विकास होस्, देश धनी होस् भन्ने फराकिलो उद्देश्य राखेर त्यस्ता व्यापारीहरूले आफ्नो अनुभव सर्वसाधारणलाई साझा गर्नुपर्छ । विदेशतिर सफल व्यापारीहरूले आफ्नो अनुभव सर्वसाधारणलाई साझा गर्ने चलन मात्र होइन, अनेक संस्था नै स्थापना भएका हुन्छन् जुन संस्थामा पुगेर अनुभवी एवं सफल व्यापारीहरूले आफ्नो अनुभव साझा गर्छन् ।

३ व्यापारिक प्रवृत्तिको अभाव : केही दशक पहिलेसम्म व्यापार कुनै निश्चत वर्गले गर्ने हो भन्ने मान्यता हाम्रो समाजमा व्याप्त थियो । तराईतिर केही निश्चित जातीय समूह, जस्तै मारवाडीहरू व्यापारमा बढी संलग्न हुन्थे भने पहाडतिर नेवारहरू । केही जातीय समूह भने व्यापार गर्नु आफ्नो परम्पराविरुद्ध हो भनी ठान्थे । व्यापारलाई अन्य पेशाजस्तो लिने गरिन्थ्यो । सरकारी जागीरलाई सम्मानित पेशा मानिन्थ्यो । बहुसङ्ख्यक व्यक्तिले व्यापारलाई पेशाको रूपमा अङ्गीकार गरेको पाइन्थ्यो । यस किसिमको सोच अहिले पनि हाम्रो समाजमा व्याप्त छ । अहिले पनि बहुसङ्ख्यकले व्यापार गर्ने रुचि देखाएको पाइँदैन । राष्ट्रिय व्यापार विकासको लागि यो प्रतिकूल स्थिति हो ।

४ त्रुटिपूर्ण शिक्षा नीति : हाम्रो जीवनमा व्यापारको महत्त्व कति छ भन्ने कुरा माथि नै उल्लेख गरिसकियो । विडम्बना ! यति महत्त्वपूर्ण व्यापार, तर व्यापार सिकाउने हाम्रो शिक्षा प्रणालीमा कुनै व्यवस्था छैन । हाम्रा स्कूल एवं विश्व विद्यालयहरूले पनि विद्यार्थीहरूलाई केवल सैद्धान्तिक शिक्षा प्रदान गर्छन् । व्यावहारिक ज्ञान दिंदैनन् । केही वर्ष पहिलेसम्म पनि हामी कहाँ कपाल काट्ने, लुगा सिउने, गाडी मरम्मत गर्ने, स्टोभ बनाउने, भवन निर्माण गर्ने जस्तो जनशक्ति उपलब्ध थिएन । त्यस्तो जनशक्ति भारतबाट आउँथ्यो र रोजगार पाउँथ्यो । अहिले पनि हाम्रा स्कूल, कलेजहरूले बेरोजगारी उत्पादन गर्ने कार्य गरिरहेका छन् । व्यापार गरेर जीवन निर्वाह गर्न सकिन्छ भन्ने ज्ञान सिकाउँदैनन्, व्यापार गर्ने तरीका सिकाउँदैनन् । शिक्षा पूर्णरूपमा कर्मकाण्डी छ ।

५ सानो काम ठूलो काम : कामलाई सर्वाधिक महत्त्व दिएर जुनसुकै काम पनि पूर्ण गौरव एवं सन्तुष्टिपूर्वक गर्ने चलन हाम्रो समाजमा छैन । तथाकथित सानो भनिएका कार्य गर्नेलाई अहिले पनि हाम्रो समाजमा इज्जत दिने चलन छैन । तथाकथित ठूलो काम गर्नेलाई इज्जत दिने र सानो काम गर्नेलाई हेप्ने हाम्रो चलनले गर्दा पनि हाम्रा युवाहरू देशभित्र सानोतिनो काम गर्न रुचाउँदैनन् तर त्यही वा त्यस्ता किसिमका काम विदेशमा खुशीखुशी गर्छन् ।

नेपालमा भाँडा माज्ने कम पनि गर्ने भन्नेहरू अमेरिका, अस्ट्रेलिया, बेलायत पुगेर त्यही भांडा माज्ने काम खुशी भएर गर्छन् । भाँडा माज्ने कार्यलाई हामीले सम्मान नदिएकोले त्यस्तो भएको हो । सबै काम महत्त्वपूर्ण हुन्छ । काम सानो वा ठूलो हुँदैन । काम गर्न पाउनु गौरवको कुरा हो । यस्तो भावनाको विकास हाम्रो समाजमा हुन सकेको छैन । यो कारणले पनि सानो वा ठूलो जस्तो पनि काम हाम्रा युवाहरू विदेशमा गएर गर्न तयार हुन्छन् नेपालमा भने गर्दैनन् ।

६ अति राजनीतिः हाम्रो समाजमा राजनीति अति नै व्याप्त छ । शहर मात्र होइन, गाउँगाउँभित्र राजनीति पसेको छ । तर विकासको लागि होइन, व्यक्तिगत स्वार्थको लागि राजनीतिले अति महत्त्व पाएको छ । स्थिति यस्तो भएकोले युवाहरू आफैं कुनै रोजगार सृजना गरेर, आफैंले आफ्ना लागि कुनै रोजगार सृजना गर्ने तर्फ लाग्नुको सट्टा कुनै दल वा कुनै नेताको झोला बोक्न तयार हुन्छन् । व्यापार गर्नतिर लाग्दैनन् । अहिले एकथरी समूहमा राजनीति राम्रो पेशा हुन पुगेको छ । नेताको झोला बोक्नु रोजगारको राम्रो स्रोत हुन पुगेको छ । एउटै व्यक्तिलाई सातपटक प्रधानमन्त्री तुल्याएर आउने सात पीढीसम्मलाई बेरोजगारी बनाउन कुनै दल वा नेताको झोला बोक्नुको सट्टा स्वाभिमानसहित स्वयं कुनै व्यवसाय सञ्चालन गरेर जीवनयापन गर्ने सोच अहिले पनि धेरै युवामा पलाउन सकेको छैन ।

७ नयाँ व्यवसाय सृजना गर्ने प्रवृत्तिको अभावः परम्परागतरूपमा चलेका व्यापारकै अनुसरण गर्दै त्यस्तै व्यापार गर्ने तर नयाँ व्यापार सृजना नगर्ने चलन, हाम्रो समाजमा व्याप्त छ ।

होटल, रेस्टुरेन्ट, पसल सञ्चालनजस्ता व्यापार परम्परागत व्यापार हो । तर जस्तै ट्विटर, फेसबूक, गुगल आदिजस्ता नयाँ व्यापार आविष्कार गर्नु भनेको परम्परागत व्यापारको अनुसरण नगरेर नयाँ व्यापारको विकास गर्नु हो । माथि उदाहरणमा भनिएझैं हाम्रो समाजमा नयाँनयाँ व्यापार विकास गर्ने चलन पटक्कै छैन । विदेशमा विकास भएका व्यापारहरूको अनुसरण मात्र गर्ने सोचले हामी थिचिएका छौं । तर राष्ट्रिय व्यापारको विकास गर्न नयाँनयाँ व्यापार सृजना गर्न आवश्यक हुन्छ । विश्वमा सर्वाधिक नयाँ व्यापारको सृजना अमेरिकामा हुने भन्ने गरिन्छ ।

नेपालमा व्यापारको विकास नहुनुको मुख्य कारण भने राष्ट्रिय राजनीति सदा अस्थिर रहनु हो । नेताहरूको स्वार्थी चरित्रले गर्दा नेपालको राजनीति २०४६ देखि अस्थिर रहँदै आएको छ । २०५२ सालपछि, माओवादनीहरूको 'जनयुद्ध' पछि, नेपालको राजनीति अकल्पनीय किसिमले अस्थिर हुन पुग्यो । नेताहरूमा इमानदारीको उच्च अभाव देखियो । आफ्नो स्वार्थ पूर्तिका लागि नेता जे पनि गर्न सक्ने स्थितिमा पुगे । सातपटक नेपालको प्रम हुने इच्छा राख्नु लाजको विषय बनेन, प्रतिष्ठाको विषय बन्न पुग्यो । नेपालको अस्थिर राजनीतिलाई एकातिर पन्छाएर कुरा गर्ने हो भने माथि भनिएका कारणहरूले नेपालको व्यापारको विकास हुन सकिरहेको छैन । माथिका कारणहरू राष्ट्रिय व्यापार विकासका बाधक तत्त्व बन्न पुगेका छन् ।



धानबाली भित्र्याएपछि खाली खेतबारीमा घरपालुवा चौपाया चराउँदै पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिकाको एक स्थान । वनजङ्गल क्षेत्र टाढा रहे पनि निजी वन रोप्नाले चरिचरनमा टेवा पुग्ने बलियो आधार स्थानीयलाई छ । निजी वन लगाउँदा वन पैदावारबाट पनि मनग्य आम्दानी लिन सकिन्छ भने गुम्दै गएको भूमिगत पानीको सतह माथि उठी पानीको समस्या समाधान गर्न र स्वच्छ वातावरण सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । शब्दचित्रः जीतलाल श्रेष्ठ

## अर्थतन्त्रको सुधारमा नयाँ घोषणाको तयारी

काठमाडौं, २१ मङ्सिर/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाललाई लगानीको गन्तव्य बनाउनका लागि आवश्यक कानूनी तथा नीतिगत आधार तयार गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।



तस्वीरः रासस

राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)ले बिहीवारदेखि राजधानीमा आयोजना गरेको दुई दिने 'चौथो जिम्मेवार व्यवसाय सम्मेलन'को उद्घाटन गर्दै उनले अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले विभिन्न आर्थिक कार्यक्रम अगाडि सारेको बताए ।

संयुक्त अरब इमिरेट्स (युएई)मा हालै आयोजित 'बिजनेस समिट'मा आफूले नेपाललाई लगानीको गन्तव्य बनाउन आग्रह गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाललाई व्यावसायिकरूपमा सफल बनाउन व्यवसायी र समाजलगायत सबै सरोकारवाला जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

"जिम्मेवार व्यावसायिक अभ्यास नैतिक सामाजिक दृष्टिकोणबाट मात्र नभई व्यावसायिक रणनीतिका हिसाबले पनि फाइदाजनक छ, जिम्मेवार अभ्यासहरूमार्फत व्यवसायले दिगो विकासमा योगदान दिन र समाजमा सकारात्मक प्रभाव सिर्जना गर्न सक्छन्," उनले भने ।

मुलुकको प्रमुख साझेदार निजी क्षेत्र मात्र होइन, सरकार र राज्यका सबै निकाय उत्तिकै जिम्मेवाररूपमा प्रस्तुत हुन आवश्यक रहेको जनाउँदै प्रधानमन्त्री प्रचण्डले सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकारले चालेको कदममा सबैको साथ र सहयोगका लागि आग्रह गरे ।

अर्थतन्त्रका क्षेत्रमा देखिएको विद्यमान दबाबलाई चिर्न र देशभित्र लगानीको वातावरणसहित आशाको रक्तसञ्चार गर्न आफूले लगातार प्रयास गर्दै आएको जानकारी दिंदै उनले अर्थतन्त्रमा सुधार ल्याउन केही दिन पहिला मात्र सरकार, निजी क्षेत्र र आर्थिक क्षेत्रका विज्ञसँग बृहत् अन्तर्क्रिया गरिएको बताए । "अन्तर्क्रियापछि केही महत्त्वपूर्ण घोषणासमेत गरिएको छ, मेरो विश्वास छ– उक्त अन्तर्क्रिया र घोषणाले अर्थतन्त्रमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्नेछ," प्रधानमन्त्री प्रचण्डले भने ।

तथ्याङ्क हेर्दा अर्थतन्त्रमा सुधारको अनुभूति हुँदै गए पनि आमजनतामा आशाको रक्तसञ्चार सिर्जना गर्न अझै मेहनत गर्नुपर्ने परिस्थिति रहेको बताए । "त्यस कारण अर्थतन्त्र सुधारमा केन्द्रित रहेर अझ बृहत् बैठक र केही नयाँ घोषणसमेत गर्ने तयारी गरिरहेको छु," उनले भने, "यहाँहरूको सक्रिय सहभागिता, महत्त्वपूर्ण सुझाव र कार्यान्यवनमा जिम्मेवारी बोध एवं तत्परता रहनेछ भन्ने विश्वास लिएको छु ।"

शासकीय सुधारका विषयमा केन्द्रित रहेर बुधवार सरकारका बहालवाला र पूर्वराष्ट्रसेवक कर्मचारीको बृहत् गोष्ठीको आयोजना गरिएको जानकारी दिंदै उनले त्यसबाट महत्त्वपूर्ण सुझाव र दिशानिर्देश प्राप्त भएको बताए । शासकीय सुधारका क्षेत्रमा केही नयाँ गर्न सकिएको अवस्थामा त्यसको प्रत्यक्ष प्रभाव अर्थतन्त्रमा देखिने उनको विश्वास छ ।

प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा विभिन्न क्षेत्रका विज्ञले प्रस्तुत गर्ने कार्यपत्र र छलफलबाट उद्यमी व्यवसायी, सरोकारवाला सहभागी सबै लाभान्वित हुनुका साथै प्राप्त सुझाव तथा छलफलले नीति निर्माणमा सहयोग पुग्ने अपेक्षा गरे । कार्यक्रमले सरकार, निजी क्षेत्र र समानका अग्रणी निकायलाई एकै मञ्चमा ल्याएर जिम्मेवार बन्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न सफल हुनेछ उनको विश्वास छ ।

उनले सम्मेलन मुलुकको अर्थतन्त्रसामु देखिएको दबाब सम्बोधन गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता र लक्ष्यप्राप्तिमा सहायक सिद्ध हुने विश्वास व्यक्त गरे । एनबिआइका अध्यक्ष कुशकुमार जोशीले जिम्मेवार व्यवसायका

(बाँकी चौथो पातामा)

## चितवनमा धान उत्पादन १० प्रतिशत कमी

चितवन, २१ मङ्सिर/रासस

जिल्लामा यस वर्ष धान उत्पादनमा १० प्रतिशतले कमी आएको छ ।

यहाँ २६ हजार ३५२ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । त्यसमा एक लाख १२ हजार १९० मेट्रिक टन धान उत्पादन भएको छ । यस वर्ष धानको उत्पादकत्वमा समेत कमी आएको छ । चार दशमलव २६ मेट्रिकटन प्रतिहेक्टर धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गत वर्ष २७ हजार ८९८ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । त्यसमा एक लाख २४ हजार ७६२ मेट्रिकटन धान उत्पादन भएको कार्यालयका योजना अधिकृत उमराज अर्यालले जानकारी दिए ।

सो वर्ष उत्पादकत्व चार दशमलव छ मेट्रिकटन प्रतिहेक्टर धान उत्पादन भएको थियो । उनका अनुसार गत वर्षको तुलनामा यस वर्ष १२ हजार ५७२ मेट्रिकटन धान उत्पादन घटेको हो । धान रोप्ने समयमा वर्षात् नहुनु र धानमा रोग, कीरा लाग्नुका कारण यस वर्ष उत्पादनमा कमी आएको अर्यालले बताए ।

उनले भने, "समयमा पानी पर्न नसक्दा पहिलाको तुलनामा कम क्षेत्रफलमा धान रोपाइँ भयो, त्यससँगै बीउमा कीरा लाग्ने र धान उत्पादन हुने समयमा रोग लाग्ने समस्या आयो, जसका कारण उत्पादनमा कमी भयो ।" समयमा वर्षात् हुन नसक्दा पश्चिम चितवनका सबै क्षेत्रमा रोपाइँ हुन नसकेको उनले जानकारी दिए । धानको उत्पादन हुने समयमा कालो पोके, घाँटी मरुवा, गबारो जस्ता समस्या देखिएको उनले बताए ।

# आर्थिक क्रान्तिका लागि लगानी सम्मेलन

अर्थ-उद्योग-वाणिज्य
शीतल महतो
shitalmahato@gmail.com

> **स्वदेशी तथा विदेशी लगानीकर्ता माझ लगानीको सुरक्षा र प्रतिफलको प्रत्याभूतिमार्फत नेपालप्रतिको विश्वनीयता देखाउन सकियो भने मात्र नेपालमा लगानी आउन सक्छ। यसरी नेपालको आर्थिक मार्गचित्रको बाटो कोर्न पर्यटन क्षेत्रलाई एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिन सकिन्छ।**

सरकारले आगामी वैशाखमा लगानी सम्मेलनको आयोजना गर्ने तयारी गरिरहेको छ। नेपालमा आयोजना हुन लागेको यो कुनै नौलो कार्यक्रम भने होइन। तर यसअघिका लगानी सम्मेलनहरू सरकारले अपेक्षा गरेजस्तो प्रभावकारी हुन सकेका छैनन्। सम्मेलनमा प्रतिबद्धताहरू त भए तर धेरै लगानीकर्ता यहाँ लगानी गर्न आएनन्। यसको प्रमुख कारण नेपालमा लगानी वातावरण देखिएको छैन। राजनीतिक अस्थिरता, विगतका सरकारहरूले शुरू गरेका काममा निरन्तरता नहुनु, राजनीतिक नेता र कर्मचारीतन्त्रको भ्रष्ट मानसिकता, अस्थिर सरकारी नीति र लगानीकर्तालाई अनावश्यक अवरोधका कारण नेपालमा लगानी गर्न विदेशीहरू निरूत्साहित भएका छन्। त्यसैले यस्ता लगानी सम्मेलन बारम्बार आयोजना गर्नुको सट्टा सरकारले दीर्घकालीन र स्थिर लगानी नीति ल्याउनुपर्छ। साथै, भ्रष्टाचारविरूद्धको बलियो कानून ल्याएर लगानीकर्तालाई तत्काल सरकारी सेवा उपलब्ध गराइ विदेशी लगानीकर्तालाई निचोड्ने मानसिकताको अन्त्य गर्नुपर्छ।

यतिखेर विदेशी लगानीकर्ता माझ लगानीको सुरक्षा र प्रतिफलको प्रत्याभूतिमार्फत नेपालप्रतिको विश्वनीयता देखाउने चुनौती सरकारसामु छ। यस्तो परिवेशमा अन्तर्राष्ट्रिय लगानीकर्ता माझ देशको सम्भावना उजागर गर्दै नेपाललाई लगानी गन्तव्यका रूपमा चिनाएर सरकारले वैदेशिक लगानी भित्र्याउनका लागि पुनः लगानी सम्मेलन गर्न लागेको हो। नेपालमा लगानी बढाउन विगतमा पनि सरकारले राम्रै प्रयत्न गरेको पनि हो। विसं २०७३ र २०७५ मा सरकारले लगानी सम्मेलन गरेको थियो। लगानी अवरोधका लागि देखिएका कमीकमजोरीका सम्बन्धमा सरकारले गरिएको सुधार, ऐन, नियममा परिमार्जन एवं सरकारी प्रतिबद्धताले विश्वका लगानीकर्ताहरूमा धेरथोर भएपनि उत्साह जगाएकै छ। तर पनि आर्थिक सुधारका मुख्य कार्यसूची अझै सही दिशामा अगाडि बढ्न नसकेको स्पष्टै छ। पहिलो लगानी सम्मेलनमा करीब १४ खर्ब रूपैयाँको लगानी प्रतिबद्धता आएको भएपनि यथार्थमा तीन खर्ब रूपैयाँ मात्र लगानी आउन सकेको तीतो यथार्थ छ। त्यसैगरी, दोस्रो लगानी सम्मेलनमा ३२ खर्ब रूपैयाँको लगानी प्रतिबद्धता आएको भएपनि लगानीको ठूलो हिस्सा प्रतिबद्धतामैं सीमित रहँदा अर्थतन्त्र अहिलेको न्यून आर्थिक वृद्धिको कुचक्रमा फस्न पुगेको छ।

मुलुकमा औद्योगिक वातावरण बनाउने भन्दै सरकारले यसअघि सन् २०१२ र २०१३ लाई लगानी वर्षको रूपमा मनाउने घोषणासमेत गरेको थियो। निर्यात वृद्धि गर्ने, व्यापारघाटा कम गर्ने र मुलुकमा औद्योगिक वातावरण तयार गर्ने मुख्य उद्देश्यका साथ स्वदेशी तथा विदेशी लगानी भित्र्याउन र त्यसको प्रवर्द्धन गर्ने लक्ष्य लगानी वर्षले लिएको थियो। लगानी वर्षको घोषणासँगै सरकारले यसबाट उत्पादन क्षमतामा अभिवृद्धि भई निकासी व्यापार बढ्ने, गार्हस्थ उत्पादनमा विशिष्टीकरण, उत्पादनमा गुणात्मक एवं परिणात्मक वृद्धि, रोजगार र आयआर्जनमा वृद्धि भई आर्थिक विकासको गतिमा तीव्रता आउने आशासमेत लिएको थियो। त्यति मात्र होइन, विश्व बजारमा प्रतिस्पर्धा गर्न उत्पादन नभएको अवस्थामा उत्पादन क्षमता बढाउनका लागि यसले मुलुकभित्र लगानी भित्र्याउनसमेत सहयोग गर्ने विश्वास सरकारको थियो। तर स्वदेशी लगानी गर्ने वातावरण नै नभएका बेला विदेशी लगानी भित्र्याउने आशा गर्नु फलामको चिउरा चपाउनुजस्तै देखिएको छ।

आर्थिक तथा सामाजिक रूपान्तरणाका लागि मुलुकमा औद्योगिकमैत्री लगानी वातावरण हुनुपर्छ तर नेपालको राजनीतिक दिशा र दशा नै ठीक नभएपछि देशको प्रमुख औद्योगिक कोरिडोरका उद्योग प्रतिष्ठानहरू क्रमशः धराशयी बन्दै गएको अवस्था छ। औद्योगिकमैत्री लगानीका लागि बलियो औद्योगिक श्रम सम्बन्ध अपरिहार्य हुन्छ। श्रम सम्बन्धलाई सुनियोजित, सुव्यवस्थित र प्रभावकारीरूपमा व्यवहारमा उतार्न सके मात्र मुलुकमा औद्योगिक विकास हुन सक्छ। तर यसका लागि श्रमिक, व्यवस्थापन र सरकारी पक्षबीच उच्चस्तरको पारस्परिक सहयोग, सुझबुझ र ऐक्यबद्धता हुनु जरूरी देखिन्छ। हाम्रो मुलुकमा श्रम समस्यालाई मजदूर मात्रको समस्याको रूपमा लिने परिपाटीले औद्योगिक विकास र मैत्री लगानीका वातावरण बन्न नसकेको हो। श्रमिकहरूको हक अधिकार र पहिचानका लागि स्पष्ट ऐन कानूनको व्यवस्था हुनुपर्छ तर यसको बहानामा राजनीतिक उद्देश्य परिपूर्तिका लागि राजनीतिक दलहरूले ट्रेड युनियनको नाममा जथाभावी श्रमिकलाई उचाल्नु पनि हुँदैन। श्रमिकहरूको समयसापेक्ष तलब र सुविधा बढाउनुपर्नेमा कसैको दुई मत छैन र हुनु पनि हुँदैन तर यसका साथसाथै लगानीमैत्री वातावरण बनाउनु पनि उनीहरूको पहिलो कर्तव्य र दायित्व हुन आउँछ। किनभने उद्योग राम्रो र नाफामूलकरूपमा सञ्चालनमा आयो भने मात्र श्रमिकहरूले बढी तलब र सुविधा पाउने हुन्। उद्योग नै रहेन भने सुविधा र तलब पाउने कुरै भएन। त्यसैले श्रमिक र व्यवस्थापन दुवै पक्षले कालीदासजस्तो आफैंले बसेको हाँगा काट्नुभन्दा औद्योगिकमैत्री लगानीका वातावरण बनाउनका लागि आआफ्नो सम्पूर्ण ऊर्जा र ध्यान केन्द्रित गर्नुपर्छ।

हुनत सरकारले सम्मेलन आयोजना गर्दैमा लगानी आउने भने होइन। यसका लागि लगानीकर्ताहरूले पाइला–पाइलामा भोग्दै आएका समस्याको निराकरण गर्नुपर्छ। यस्तो नगरेसम्म जतिपटक लगानी सम्मेलन गरे पनि उपलब्धि भने खासै आउँदैन। मुलुकमा लगानी भित्र्याउने सपना देख्नु उपयुक्त हो। सपना देख्न छोडियो भने क्रियाशील हुन सकिंदैन। तर प्रश्न उठ्न सक्छ, कस्तो खाले सपना देख्ने ? रचनात्मक वा नकारात्मक। वास्तवमा रचनात्मक सपना देख्नका लागि पनि न्यूनतम आधार हुनुपर्छ। जुन आधारमाथि टेकेर त्यसको भरपूर वा दिगो उपयोग गर्न पायो भने मात्र पूँजी निर्माणमा व्यक्ति वा समुदाय गतिशील हुन सक्छ। यदि व्यक्ति वा समुदायले उत्पादनमूलक आर्थिक क्रियाकलापहरूमा गतिशील भएन भने स्वरोजगार निर्माणका प्रमुख आधार बन्न सक्दैन। स्वरोजगार निर्माणका आधार नबनाएसम्म आम नागरिकको लागि रोजगार उपलब्ध गराउन सक्दैन। रोजगार उपलब्ध नभएपछि त्यसले प्रभावशाली माग सिर्जना गर्न सक्दैन। प्रभावशाली माग सिर्जना गर्न नसकेपछि उत्पादन वृद्धि हुन सक्दैन। उत्पादनमा कमी आउनासाथ राष्ट्रको करका दायराहरू घट्न सक्छन्। करको दायरा फराकिलो नभएसम्म राज्यको ढुकुटी बलियो हुन सक्दैन। राज्यको ढुकुटी बलियो नभएमा मुलुकले बलियो आर्थिक विकास गर्न सक्दैन।

त्यसैले लगानी सम्मेलन गर्नुपूर्व सरकारले विगतका सम्मेलनको समीक्षा एवं मूल्याङ्कन गरी त्यसबाट पाठ सिक्न जरूरी छ। लगानीयोग्य वातावरण सुदृढ हुँदै गएको आधार, नीतिगत सुधार कानूनी जटिलतामा सहजीकरण, प्रक्रियागत झन्झट फुकाएकाजस्ता बहुआयामिक विषय एकत्रित गर्नुपर्छ। लगानी सम्मेलनको पूर्वतयारीमा प्रत्यक्ष लगानीका लागि उपयुक्त परियोजनाको सूची तयार गर्नुपर्ने, प्रचुर सम्भावना भएको क्षेत्र र क्षेत्रगतरूपमा सम्बन्धित परियोजनाको पहिचानसमेत हुनुपर्छ। साथै, लगानी आह्वान गर्न मिल्ने र 'सोकेस' गर्ने परियोजनाको तयारी पनि गर्नु जरूरी छ। परियोजना विकासबारे आवश्यक कागजी तयारी पनि त्यत्तिकै आवश्यक छ। गरीबी र असमानताका आधारभूत कारणहरू र सबैका लागि रोजगार एवं अर्थतन्त्रलाई सम्बोधन गर्नका लागि स्पष्ट राष्ट्रिय नीति, रणनीति र कार्यक्रमहरूलाई बलियो बनाउन आवश्यक छ। सङ्घीयस्तरमा अन्तरविभागीय समन्वयमा सुधार ल्याउन र प्रक्रियागत विवरणहरू (व्यवसाय दर्ता र इजाजतपत्र, प्रयोगकर्तामैत्री व्यापार पुस्तिका, कार्य भिसा, कोष स्थानान्तरण आदि)लाई सहज बनाएर व्यवसायलाई सहज बनाउन आवश्यक छ।

स्वदेशी तथा विदेशी लगानीकर्ता माझ लगानीको सुरक्षा र प्रतिफलको प्रत्याभूतिमार्फत नेपालप्रतिको विश्वनीयता देखाउन सकियो भने मात्र नेपालमा लगानी आउन सक्छ। यसरी नेपालको आर्थिक मार्गचित्रको बाटो कोर्न पर्यटन क्षेत्रलाई एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिन सकिन्छ। नेपालको प्राकृतिक सम्पदा तथा यहाँ विकास भइरहेका साहसिक खेल तथा पर्यटनले यसको झल्को देखाइसकेका छन्। पर्यटन तथा साहसिक पर्यटनका लागि आवश्यक पूर्वाधारहरू जस्तैः सुविधासम्पन्न होटेल र यातायातको विकासमा जोड दिनुपर्छ। तीव्र गतिमा बग्ने नदीनाला, पहाड तथा हिमाललाई लिएर साहसिक पर्यटनको विकास गर्नु अहिलेको आवश्यकता छ। नेपालमा विकास हुँदै गरेको होमस्टेजस्ता सामाजिक पर्यटनलाई प्रवर्द्धन गरिनुपर्छ। यसैगरी, आजको विश्व सूचना प्रविधिको क्षेत्रमा केन्द्रित हुँदैछ। विश्वका दश ठूला कम्पनी सबै सूचना प्रविधिमा आधारित छन्। नेपालले समेत सूचना प्रविधिको क्षेत्रमा फड्को मार्न आवश्यक छ। त्यस्तै, पूर्वाधारहरूको विकासको माध्यमबाट नेपालले आफ्नो अपेक्षित आर्थिक वृद्धि र विकास लक्ष्य हासिल गर्न सक्छ। तर यसका लागि वित्त जोखिम, जग्गा समयमा नै उपलब्ध हुन नसक्नु, सामुदायिक संलग्नताको अभाव, जटिल र बढी समय लाग्ने वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया, सार्वजनिक–निजी साझेदारीको कार्यान्वयनमा गम्भीर अभाव, स्वच्छ प्रतिस्पर्धा र विश्वासको वातावरणको अभाव आदि प्रमुख समस्याको रूपमा देखा परेका छन्।

एउटा सामान्य सिद्धान्त रहेको छ कि जिडिपीको १२ प्रतिशत हिस्सा पूर्वाधार विकासमा विनियोजित हुनुपर्छ। अहिले सडक, ऊर्जा र आइसिटीजस्ता पूर्वाधार विकास गर्नका लागि नेपालको लागि निकै महत्त्वपूर्ण अवसर छ। त्यसैले कृषिमा आधारित नेपाली अर्थव्यवस्थालाई संरचनात्मकरूपले विविधीकरण गर्न जरूरी छ।

पूर्वाधार विकास आयोजनाहरूमा विदेशी अनुदान र सहकार्यमा निजी क्षेत्रलाई संलग्न गर्ने व्यवस्था गर्नुपर्ने अहिले आवश्यकता छ। जलविद्युत्का ठूला आयोजनाहरू कार्यान्वयनमा ल्यानुपर्छ। उत्पादित बिजुलीलाई आन्तरिक खपत गरी बाँकी रहेको बिजुली निर्यात गर्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू गर्नु पनि त्यत्तिकै आवश्यक छ। अन्तरदेशीय प्रसारण लाइनको पूर्वाधार निर्माण गर्नुपर्छ। नेपालको हितलाई प्राथमिकतामा राख्दै जलविद्युत् विकासको योजना कार्यान्वयन गर्नुपर्छ। विद्युत्को उत्पादन, प्रसारण तथा वितरणको संस्थागत क्षमता वृद्धि गर्न छुट्टाछुट्टै स्वतन्त्र निकायको स्थापना र कार्यान्वयन गर्नुपर्छ। जलविद्युत् क्षेत्रको लगानीमा स्वदेशी लगानीकर्ताहरूलाई प्रोत्साहनको नीति अपनाउनुपर्छ। समयमैं जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी ग्रिडमा बिजुली जोड्ने उत्पादकलाई सरकारले प्रोत्साहन दिने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

विद्युत् महसूल निर्धारण आयोगलाई अझ प्रभावकारी बनाउनुपर्छ। अतिरिक्त ऊर्जाको निर्यातका लागि अन्तर्राष्ट्रिय सम्झौता गरी हस्ताक्षर गर्नुपर्छ। त्यस्तै, सीमापार प्रसारण लाइनहरूको विस्तारलाई प्राथमिकता दिइनुपर्छ। विशेषगरी बिबिआइएन क्षेत्रहरूमा विद्युत् आपूर्तिका लागि पावर बैंक स्थापना गर्नुपर्नेछ। यसले नेपालमा उत्पादन हुने ऊर्जा विश्वसनीय र नियमितरूपमा दिगोरूपमा आपूर्ति गर्न सकिन्छ। उच्चस्तरीय समझदारी र सम्झौता गरेर तथा पावर ह्वीलिङ भएपनि नेपालमा उत्पादन हुने बिजुली भारतको प्रसारण लाइन प्रयोग गरेर निर्यात गर्न सकिन्छ।

यसरी राष्ट्रिय पूँजी निर्माण तथा लगानीका लागि प्रमुख बलियो आधारको स्रोत हुन सक्छ। त्यसैले मुलुकमा आर्थिक क्रान्ति गर्ने हो भन्ने अब मुलुकमा आद्योगिक विकास र विस्तारका लागि सरकारले उपयुक्त र सहज वातावरण बनाउनैपर्छ। यसका लागि लगानी सम्मेलनलाई औपचारिकतामा मात्र सीमित नराखी यसको पूर्ण सफलताका लागि सरकारी प्रयास र प्रयत्नहरू केन्द्रित हुनुपर्छ।



**राउटे समुदायले बनाएको काठका सामग्रीः** दैलेखमा बसोवास गर्ने राउटे समुदायले परम्परागत हाते औजारबाट काठबाट बनाएका कोशी, मधुस, पिर्कालगायतका हस्तकलाका सामग्री। तस्वीरः रासस

# वायु प्रदूषणको विनाशकारी चक्र अन्त्य गर्न ठूला शहरको प्रतिबद्धता

काठमाडौं, २१ मङ्सिर/रासस

काठमाडौं महानगरपालिकासहित विश्वका आठ ठूला शहरका प्रमुखले जलवायु परिवर्तनसँगै वायु प्रदूषणको विनाशकारी चक्र र शहरी केन्द्रमा यसको गहिरो जोखिमको प्रभाव अन्त्य गर्न संयुक्त प्रतिबद्धता जनाएका छन्। यसरी प्रतिबद्धता जनाउने शहरमा नेपालको काठमाडौं महानगरपालिका, अमेरिकाको शिकागो, रोमानियाको बुखारेस्ट, ब्रजीलको फोर्टालिजा, इन्डोनेशियाको जकार्ता, बङ्गलादेशको ढाका, रवड्दाको कीगाली र उगान्डाको काम्पला छन्।

संयुक्त अरब इमिरेट्समा संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी २८औं सम्मेलन (कोप–२८) जारी रहँदा स्वस्थ शहरका लागि साझेदारी (पार्टनरशिप फरहेल्दी सिटिज)को विश्व सञ्जालमा आबद्ध शहरका प्रमुखले यस्तो प्रतिबद्धता जनाएका हुन्। आठ देशका प्रमुखले बुधवार सार्वजनिक संयुक्त प्रतिबद्धतापत्रमा भनिएको छ, "जनसङ्ख्याको आकार र चुनौतीसँगको निकटताले, शहरहरूले परिवर्तनको उदाहरणीय नेतृत्व गर्न सक्ने प्रचुर सम्भावना बोकेका छन्। कोप–२८ मा विश्व नेता भेला भइरहँदा हामी विश्वभरका शहरलाई वायु अनुगमनका प्रभावकारी कार्यक्रम अपनाउन नागरिकको जीवन सुधार गर्न सार्वजनिक स्वास्थ्य कार्य प्रवर्द्धन गर्न आह्वान गर्दछौं।"

सो अवसरमा कामपाका प्रमुख बालेन्द्र शाह (बालेन)ले वायु गुणस्तर अनुगमन सञ्जाललाई सुदृढ गरेर भरपर्दो नीतिसहित विद्यमान वायु प्रदूषण न्यूनीकरण गर्ने नीति रहेको बताए। बङ्गलादेशको ढाका उत्तर नगरका प्रमुख मोहम्मद अतिकुल इस्लामले आफ्नो शहरले प्रदूषणमापन यन्त्र जडान गरेर वायु गुणस्तर निगरानीलाई थप बलियो बनाउँदै प्रभावकारी जनस्वास्थ्य नीति अवलम्बन रहेको जानकारी दिए।

शिकागो शहरका प्रमुख ब्रान्डन जोन्सनले आफ्नो शहरले समुदायस्तरमा वायु प्रदूषण अनुगमन रणनीति विकास भएपछि पर्यावरणीय न्यायमार्फत आर्थिक योगदान गरिरहेको उल्लेख गरेका छन्। वायु प्रदूषणको अवस्था ठाउँ अनुसार फरक हुने बताउँदै उनले अनुगमन रणनीतिका बारेमा समुदायस्तरमा समान बुझाइ विकास गर्न ध्यान दिएको बताए।

सार्वजनिक स्वास्थ्यमा बढ्दै गएको

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**


# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २१ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ७३ अङ्कले उकालो लागेर एक हजार ८५२ दशमलव ७७ मा पुगेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ५८ अङ्कले उकालो लागेर ३५२ दशमलव २८ मा पुगेको छ। कुल ९५ लाख पाँच हजार ६०८ कित्ता शेयर रु दुई अर्ब ७९ करोढ ९१ लाख ४६ हजार ४३३ मूल्यमा खरीद–बिक्री भएका छन्।

नेप्सेका अनुसार कारोबारका

(बाँकी पाँचौं पातामा)

### अर्थतन्त्रमा ...

लागि राज्य, व्यवसायी र सरोकारवालाको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको बताए।

'व्यावसायिक आचारसंहिताको पालना र जिम्मेवार व्यवसाय' भन्ने मूल नारा रहेको सो कार्यक्रममा समाज, वातावरण र अर्थतन्त्रजस्ता विषयमा विश्वमा भइरहेका नवीनतम सुधार र प्रयासमा बृहत् छलफल हुनेछ। पहिलो दिन आधुनिक दासता र मानव बेचबिखन, नवीकरणीय ऊर्जा, नवप्रवर्तन र उद्यमशीलता, व्यावसायिक आचरण र सामाजिक उत्तदायित्व, डिजिटल अर्थतन्त्र शीर्षकमा छलफल हुनेछ। यस्तै, दोस्रो दिन विपद् जोखिम न्यूनीकरण र व्यावसायिक योजना, व्यवसाय र मानव अधिकार, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य तथा व्यवसायमैत्री वातावरण विषयमा सामूहिक छलफल हुनेछ।

## अन्तर्राष्ट्रिय समाचार

# जलवायु परिवर्तनका कारण बङ्गलादेशमा बालविवाहमा ३९ प्रतिशत वृद्धि

ढाका, २१ मङ्सिर/सिन्ह्वा

अन्तर्राष्ट्रिय उद्धार समिति (आइआरसी)ले बुधवार सार्वजनिक गरेको अध्ययनले बङ्गलादेशमा बालविवाहमा ३९ प्रतिशतले वृद्धि भएको खुलासा गरेको छ।


तस्वीरः एजेन्सी

अत्यधिक प्रकोप–प्रवण र जलवायु–संवेदनशील तटीय क्षेत्रहरूमा हुने गरेका बालविवाहमा ३९ प्रतिशतले वृद्धि भएको तथ्याङ्क देखिएको छ। बङ्गलादेशका थुप्रै तटीय समुदायहरूमा जलवायु परिवर्तनको प्रभावमा जबरजस्ती बसाइँसराइ, चरम गरीबी, बढ्दो लैङ्गिक हिंसा, शिक्षामा सीमित पहुँच र खाद्य सुरक्षा चुनौतीहरूलगायतका कारणले बालविवाह गर्न बाध्यता सिर्जना भएको आइआरसीले उल्लेख गरेको छ।

अध्ययनले विगत दुई दशकमा बाढी र चक्रवातजस्ता प्रकोपमा भएको वृद्धि पनि बढ्दो बालविवाहको एक प्रमुख कारण मानेको छ।

यस्ता विभिन्न किसिमका कारणहरू सिर्जित समस्याहरूलाई सम्बोधन गर्न आइआरसीले विकसित स्थितिको मूल्याङ्कन गरिरहेको र जलवायु परिवर्तन र जलवायु–प्रेरित प्रकोपहरूबाट बालबालिकालाई हुन सक्ने प्रत्यक्ष क्षतिबाट जोगाउन उपलब्ध स्रोतसमेत परिचालन गरिरहेको बताएको छ।

आइआरसी बङ्गलादेशकी निर्देशक हसिना रहमानले भनिन्– आज बङ्गलादेशमा विवाह योग्य उमेर हुँदै गरेका आधा केटीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गरेको पाइएको छ भने, २२ प्रतिशत केटीहरूको १५ वर्षको उमेरअघि नै विवाह हुने गरेको पाइएको छ।

"यद्यपि खाद्य असुरक्षा र गरीबी, अनियमित वर्षाको ढाँचा, बढ्दो तापक्रम, र बढ्दो आवृत्ति र प्रकोपहरूको तीव्रताको सामना गरिरहेका तटीय क्षेत्रहरूमा बस्ने केटीहरूको लागि यो अवस्था अझ बढी अस्थिर र दर्दनाक छ," निर्देशकले भनेकी छन्।

यसैबीच, आइआरसीले जलवायु परिवर्तन सिर्जित समस्याहरूलाई सम्बोधन गर्न दिगो कोष स्थापना गर्न र यस जटिल सङ्कटलाई सम्बोधन गर्न सरकार, दाताहरू र गैरसरकारी संस्थाहरूबाट तत्काल सहयोगको लागि आह्वान समेत गरेको छ। रासस

# दुर्घटनापछि ओसप्रे विमानको फ्लीटलाई ग्राउन्ड गर्दै




वाशिङ्टन, २१ मङ्सिर/सिन्ह्वा

अमेरिकी सेनाले बुधवार आफ्नो भी–२२ ओसप्रे विमानको सम्पूर्ण फ्लीटलाई ग्राउन्डिङ गरिरहेको छ। वायुसेनाको सो विमान जापानको तटमा दुर्घटनाग्रस्त हुँदा त्यसमा रहेका आठजना अमेरिकी सेनाको मृत्यु भएको एक हप्तापछि अमेरिकाले फ्लीटलाई ग्राउन्डिङ गर्न लागेको हो।

युएस एयर फोर्स स्पेशल अपरेशन कमान्डले विज्ञप्ति जारी गर्दै यसका कमान्डर टोनी बाउर्नफेन्डले नोभेम्बर २९ को तटमा सीभी–२२ ओसप्रेको दुर्घटनाबारे अनुसन्धान जारी रहँदा जोखिम न्यूनीकरण गर्न स्ट्यान्डडाउनको निर्देशन दिइएको जनाएको छ। गत हप्ता सो विमानमा सवार आठजना चालक दलका सदस्यहरू दक्षिणी जापानको याकुशिमा टापुमा मारिएका थिए। मारिने ती सबै एएफएसओसीका सैनिक थिए।

विज्ञप्तिमा भनिएको छ– प्रारम्भिक अनुसन्धानले सम्भावित उपलब्ध सामग्रीको विफलताले दुर्घटना निम्तिएको जनाएको छ।

तर यसबारे वास्तविक कारण अझै पत्ता लागेको छैन। रासस

# पेरूका पूर्वराष्ट्रपति फुजिमोरी रिहा

लिमा, २१ मङ्सिर/सिन्ह्वा

पेरूका पूर्वराष्ट्रपति अल्बर्टो फुजिमोरी बुधवार रिहा भएका छन्। मानवताविरुद्धको अपराधमा उनले २५ वर्ष जेलसजाय भोगिरहेका थिए। संवैधानिक अदालतले मङ्गलवार तत्काल रिहा गर्न आदेश जारी गरेपछि उनी जेलमुक्त भएका हुन्।

फुजिमोरी साँझ ६:३० बजे लिमाको एटे जिल्लास्थित बार्बाडिलो कारागारबाट बाहिर निस्किएका हुन्। रिहाइपछि उनले परिवारका सदस्यहरू केइको र केन्जी फुजिमोरीले भेटेका थिए।

केही समयअघि नेशनल पेनिटेन्शियरी इन्स्टिच्युटले सामाजिक सञ्जालमार्फत उनको रिहाइको प्रक्रिया अगाडि बढेको जनाएको थियो। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – कार्यनाश |
| मिथुन – भयचिन्ता | कर्कट – राज्यलाभ |
| सिंह – मानहानि | कन्या – अन्नलाभ |
| तुला – अलमल | वृश्चिक – प्रसन्नता |
| धनु – पदोन्नति | मकर – आलस्य |
| कुम्भ – आर्थिकसङ्कट | मीन – व्यापारलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**नेप्से ...**

आधारमा नेपाल पुनर्बीमा कम्पनीको संस्थापक शेयर शीर्ष स्थानमा छ। सो कम्पनीको रु ८६ करोड ८३ लाख ७८ हजार एक सय बराबरको कारोबार भयो।

सिटिजन लाइफ इन्स्योरेन्स रु नौ करोड ५४ लाख ६८ हजार ७९६, सोनापुर मिनरल्स रु नौ करोड २७ लाख ६१ हजार ३६८, माउन्टेन इनर्जी रु आठ करोड ७६ हजार २८ हजार ६४२ र ग्लोबल आइएमई बैंकको संस्थापक शेयर रु आठ करोड बराबरको शेयर कारोबार भई शीर्ष स्थानमा छन्।

त्रिशूली जलविद्युत् कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। समाज लघुवित्त नौ दशमलव ९७, सिवाइसी नेपाल लघुवित्त नौ दशमलव ९१, नबिल ब्यालेन्स फन्ड दोस्रो नौ दशमलव ४८ र आशा लघुवित्तका लगानीकर्ताले सात दशमलव शून्य पाँच प्रतिशतले कमाएका छन्।

यस्तै, ग्लोबल आइएमई लघुवित्त सात दशमलव ८१, मन्दाकिनी हाइड्रोपावर पाँच दशमलव ४१, विजय लघुवित्त पाँच दशमलव १९, मेछ्यान हाइड्रोपावर दुई दशमलव ९२ र सिटिजन लाइफ इन्स्योरेन्सका लगानीकर्ताले दुई दशमलव ९० प्रतिशतले गुमाएका छन्।

**वायु प्रदूषण ...**

प्रभाव र जोखिम घटाउन, शहरलाई स्वस्थ बनाउन आफूहरू साझेदारी अंशको रूपमा रहेको प्रमुखको भनाइ छ। नसर्ने रोगबाट हुने मृत्युको रोकथाम गर्दै सुरक्षित, उत्थानशील, अधिक लचिलो र अधिक समान शहर निर्माणमा आफूहरूले साझा सङ्कल्पका साथ काम गरिरहेको उनीहरूको भनाइ छ।

जनस्वास्थ्य र वातावरणका लागि वायु प्रदूषण सबैभन्दा ठूलो जोखिम रहेको विश्व स्वास्थ्य सङ्गठनले औंल्याएको छ। यसका कारणबाट वार्षिक ७० लाख मानिसको मृत्यु हुने गरेको छ।

**स्थानीय सरकारको ...**

क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन्। केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन्।

केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवाखाजा खुवाएका छन्। केही पालिकाले बर्सेनि विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन्। केही पालिकाले उत्कृष्ट अङ्क ल्याउनेलाई चिकित्साशास्त्र पढाएका छन् भने केहीले इन्जिनीयर पढ्न अनुदान दिएका छन्। केहीले अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा पूर्णरूपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन्।

अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गरेका छन् भने कैयौंले विद्यालयमा कम्प्युटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन्। केहीले पालिकाले सबै विद्यालयका विद्यार्थीको एउटै पोशाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा ई–लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन्। केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन्। केही पालिकाले विद्यालयलाई बजारबाट खरीद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन्।

**स्वास्थ्य सेवा**

पछिल्ला दिनमा अधिकांश पालिकाले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन्। अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन्। केही पालिकाले घरघरमैं गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन्। केही पालिकाले चौबीसैं घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएका छन्। केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतका अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरिआएका छन्।

**सुशासन प्रवर्द्धन**

प्रायः सबै पालिकाले डिजिटल नागरिक बडापत्र जारी गरेका छन्। प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन्। केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन्। केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन्। केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधासम्पन्न भवन निर्माण गरेका छन्।

केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना बीमा गरेका छन्। केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन्। केहीले आफूलाई बेरुजूरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैतभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रदर्शन गरेका छन्। कैयौं पालिकाले आफ्नो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौंले अनलाइन सेवा प्रदान गरेका छन्। केही पालिकाले बिहान–बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमैं सेवाप्रवाह गरेका छन्।

**महिला विकास**

हाल केही स्थानीय तहहरूले अविवाहित महिलालाई पनि वृद्धभत्ता सरह मासिक रकम दिने घोषणा गरेका छन् भने केहीले धूवाँरहित चुलो वितरण गरेका छन्। केही पालिकाले गर्भवतीलाई विभिन्न सेवा, सुविधा, भत्ता दिन थालेका छन् भने केहीले प्रसूति भत्ता, प्रसूति कोसेली र बच्चालाई उपहार दिने कार्यक्रम सञ्चालनमा ल्याएका छन्। केही पालिकाले छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले सुत्केरीलाई ३५ दिनभित्र भेटी बच्चाको जन्मदर्ता प्रमाणपत्र दिनुका साथै चिकित्सक सेवा पनि उपलब्ध गराएका छन्। केही पालिकाले विदुर भत्ता पनि आरम्भ गरेका छन्।

**ज्येष्ठ नागरिक**

केही पालिकाले ज्येष्ठ नागरिकलाई थर्मस, सिरक, ज्याकेट बाँडेका छन् भने केहीले सम्मानपत्र दिएका छन्। यसैगरी, केही पालिकाले ज्येष्ठ नागरिकलाई निशुल्क यातायातको परिचयपत्र दिएका छन् भने केहीले ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरेका छन्। केहीले ज्येष्ठ नागरिकलाई उपचार खर्च दिएका छन् भने केहीले धार्मिक पर्यटनमा लगेका छन्। केहीले वृद्धाश्रम, चौतारो निर्माण गरेका छन् भने केहीले आरोग्य आश्रम बनाएका छन्। केही पालिकाले ज्येष्ठ नागरिकलाई मासिक एक हजार भत्ता थपिदिएका छन् भने केहीले मल्टी भिटामिन वितरण गरेका छन्।

**वातावरण सुधार**

केही पालिकाहरू फोहोरलाई मोहर बनाउन एकजुट भएका छन् भने केहीले सार्वजनिक स्थानमा बटुवाका लागि डष्टबिनको व्यवस्था गरेका छन्। केहीले पालिकावासीसँग फोहोर खरीद गर्न थालेका छन् भने केहीले कुहिने र नकुहिने फोहरको वर्गीकरण आरम्भ गरेका छन्। केही पालिकाले फोहोरबाट अर्गानिक मल बनाउन थालेका छन् भने केहीले फोहोरलाई रिसाइकल गर्ने प्रयास गरिरहेका छन्।

यसैगरी, केही पालिकाले सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा विशेष प्रविधि अपनाएका छन् भने केहीले सिक्का खसालेर पानी पिउन मिल्ने प्रबन्ध गरेका छन्। केहीले विपद् सूचना व्यवस्थापन प्रणाली शुरू गरेका छन् भने केहीले सरसफाइ महाअभियान शुरू गरेका छन्। केही पालिकाले सडकका दुवै किनारामा बिरुवा रोपेर हरियाली पालिका घोषणा गरेका छन् भने केहीले पालिकाभित्र प्लास्टिकको झोला प्रयोग निषेध गर्न कपडाको झोला वितरण गरेका छन्।

**रोजगार व्यवस्थापन**

रोजगारको अवसर जुटाउन केही पालिकाले युवा दस्ता खडा गरेका छन् भने केहीले युवा कार्यदल खडा गरेका छन्। यसैगरी, केहीले रोजगार कार्यक्रम घोषणा र केहीले युवा इलम कार्यक्रम घोषणा गरेका छन्। केही पालिकाले बेरोजगारमुक्त अभियान सञ्चालन गरेका छन् भने केहीले श्रम बैंक शुरू गरेका छन्। यसैगरी, केही पालिकाले वैदेशिक रोजगारमा जानेलाई ऋण दिएका छन् भने केहीले श्रम स्वीकृति जारी गर्ने काम आरम्भ गरेका छन्।

**बालबालिकाको विकास**

केही पालिकाले बालमैत्री सुशासनमा उत्कृष्ट स्थान हासिल गरेका छन् भने केहीले बालबालिकालाई एक घण्टाको गाउँपालिका अध्यक्ष वा नगरपालिकाको प्रमुख हुने अवसर दिएका छन्। केहीले बालश्रमिकलाई घर फर्काएका छन् भने केहीले बालगृह स्थापना गरेका छन्। केही पालिकाले अनाथ बालकालिकालाई मासिक भत्ता दिन थालेका छन् भने केहीले अनाथको जिम्मा लिएका छन्। केही पालिकाले बालहित कोष खडा गरेका छन् भने केही पालिकाले बालअधिकारको बहस आरम्भ गरेका छन्।

**रचनात्मक कार्यहरू**

केही पालिकाले सडक मानवरहित पालिका घोषणा गरेका छन् भने केहीले खरको छानामुक्त पालिका घोषणा गरेका छन्। केहीले खाद्यान्नको राशन कार्ड वितरण गरेका छन् भने केहीले एफएम र साप्ताहिक पत्रिका प्रकाशन आरम्भ गरेका छन्। केहीले पालिकाको स्वरूप नै फेर्ने गुरुयोजना लागू गरेका छन् भने केहीले व्यावसायिक बसपार्क निर्माण गरेका छन्।

यसैगरी, केही पालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेका छन् भने केहीले डिजिटल नक्शापास आरम्भ गरेका छन्। केहीले प्रत्येक वर्ष प्रत्येक वडामा गरीबका लागि एक/एक घर निर्माण गर्ने अभियान आरम्भ गरेका छन् भने केहीले स्थानीय जडीबुटी सङ्कलन, प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने काम आरम्भ गरेका छन्। केही पालिकाले एकीकृत घुम्ती सेवा सञ्चालन गरेका छन् भने केहीले आफूलाई नमूना पालिका घोषणा गरेका छन्।

केही पालिकाले आफ्नो लोगो र गान सार्वजनिक गरेका छन् भने केहीले लैङ्गिक हिंसा निवारण कोष खडा गरेका छन्। केहीले बालविवाह रोक्न विवाहमा पालिकाको अनुमति अनिवार्य गरेका छन् भने केहीले छोरी आत्मरक्षा र छोरी सुरक्षा कार्यक्रम लागू गरेका छन्। केही पालिकाले मदिरा र सुर्तीको बिक्री निषेध गरेका छन् भने केहीले कृषकले उपयोग गरेको विद्युत्को महसूल तिरिदिएका छन्।

यस अतिरिक्त केही पालिकाले कोसेली घर सञ्चालन गरेका छन् भने केहीले लगानी सम्मेलन गरेका छन्। केही पालिकाले लोकसेवा आयोगको परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् भने केहीले शिक्षक सेवा आयोगको परीक्षाको कक्षा सञ्चालन गरेका छन्। केही पालिकाले टोलटोलमैं योजना सम्झौता गर्न थालेका छन् भने केहीले घुम्ती न्यायिक सेवा सञ्चालन गरेका छन्। केही पालिकाले 'वाइफाई फ्री' जोनहरू बनाएका छन् भने केहीले युवाहरूलाई राजनीतिक अभ्यासको तालीम आरम्भ गरेका छन्।

केही पालिकाले भ्रमण वर्ष घोषणा गरेका छन् भने केहीले पदयात्राका लागि आह्वान गरेका छन्। केहीले फूटपाथ खाली गराएका छन् भने केहीले इन्डक्सन चुलो बाँडेका छन्। केहीले पालिका तारा घोषणा गरेका छन् भने केहीले किसानलाई क्रेडिट कार्ड दिएका छन्। यसरी मुलुकभित्रका ७५३ वटा पालिकाले राम्रा असल अभ्यास आरम्भ गरेका छन्। (लेखक नेपाल सरकारका पूर्वसचिव हुन्/रासस)

# ज्ञानदाद्वारा ध्यानाकर्षण सेमिनार



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २१ मङ्सिर/

ज्ञानदा एकेडेमीले विद्यार्थीले अध्ययनमा ध्यानाकर्षण कसरी बढाउने भन्ने विषयमा बिहीवार एक दिने सेमिनार कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमका सहजकर्ता एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले सम्बन्धित विषयमा विभिन्न अनुसन्धान गरिएका आलेखहरूको अध्ययनबाट प्रमाणित आधारहरूलाई विश्लेषण गर्दै कार्यपत्र प्रस्तुत गरेका थिए। पछिल्लो चरणमा सामाजिक सञ्जालको व्यापकताले विद्यार्थीमा ल्याएको विकृति र विसङ्गतिलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारेमा उनले प्रकाश पारेका थिए।

कार्यक्रममा ज्ञानदा एकेडेमीमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्रछात्राहरू र शिक्षकशिक्षिकाहरूको सहभागिता थियो।

# बैंक कर्मचारीद्वारा पत्रकारसँग दुर्व्यवहार

नितेश कर्ण, वीरगंज, २१ मङ्सिर/

यातायात व्यवस्था कार्यालयमा रहेको ग्लोबल आइएमई बैंककी कर्मचारी खुश्बु रौनियारले सञ्चारकर्मीको क्यामराको लेन्स तोडफोड गरेकी छन्।

बिहीवार दिउँसो सो बैंकमा कर्मचारी र ग्राहकबीच विवाद भएको थियो। विवाद बढ्दै गएपछि समाचारका लागि भिडियो फुटेज लिइरहेका ग्यालेक्सी फोरकेका संवाददाता जीयालाल साहको क्यामराको लेन्स रौनियारले बैंकबाहिर आएर तोडेकी थिइन्।

उनले आफ्नो फोटो किन खिंचेको भनेर पत्रकार साहले बोकेको क्यामराको लेन्स तोडेकी थिइन्। पछि सो विवाद साम्य भएपनि पत्रकार साहको क्यामराको लेन्स आफूले तोडेको रौनियारले स्वीकार गरिनन्। उनले आफूले लेन्स नतोडेको प्रतिक्रिया दिएकी थिइन्। क्यामराको लेन्स निकै महँगो रहेको पत्रकार साहले बताएका छन्।

पत्रकार साहले बैंक कर्मचारी रौनियारले नै लेन्स तोडेको र त्यसको प्रमाण बैंकबाहिर रहेको सिसिटिभी फुटेजमा रहेको बताए। तर बैंकले भने फुटेज देखाउन चाहेन।

# तस्करीमा प्रयोग हुने मोटरसाइकल भन्सार चलान




प्रस, वीरगंज, २१ मङ्सिर/

भारतीय कुखुराका चल्ला तस्करीमा प्रयोग भएको तीनवटा मोटरसाइकल जिल्ला प्रहरी कार्यालय, पर्साले वीरगंज भन्सारलाई बुझाएको छ।

विन्ध्यवासिनी गाउँपालिका, वीरगंज महानगरपालिका–२२ जगरनाथपुरबाट प्रहरीले भारतीय चल्लासहित दुईवटा भारतीय नम्बरका मोटरसाइकल नियन्त्रणमा लिई कारबाईको लागि वीरगंज भन्सार बुझाएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। तस्करहरू भने प्रहरीलाई देख्नासाथ मोटरसाइकल र चल्ला छाडेर फरार भएका थिए।






# लोपोन्मुख ऐतिहासिक इनारको संरक्षणमा बेवास्ता

ओमप्रकाश चौधरी, सेढवा, २१ मङ्सिर/

पर्साको ग्रामीण भेगका ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका इनारहरू बताए। इनारमा कोइलामाताको बास रहेकोले हिन्दू धार्मिक आस्था जोडिएको कारण यसको संरक्षण गर्न आवश्यक सामाजिक कार्यकर्ता प्रकाश थारूले इनारको पानी सुरक्षित राख्न सके पिउनयोग्य हुने बताए। पटेर्वासुगौली मोहनदास थारूले वैवाहिक कार्यक्रम तथा अन्य शुभ कार्यका लागि इनारको पानी साइतको लागि शुभ मानिने बताए।


पर्सा र बारामा रहेका ऐतिहासिक इनार। तस्वीरः प्रतीक

लोप हुँदै गएका छन्। विगतमा खानेपानी तथा अन्य प्रयोजनका लागि बनाइएका इनारहरू अहिले पुरिँदै गएका छन्।

इनारबाट प्राप्त हुने पानी सर्वसाधारणहरूले पिउने, नुहाउने, भाँडाबर्तन माझ्नेलगायतका दैनिक प्रयोजनमा प्रयोग गर्दै आएका थिए। यसका साथै चाडबाडको समयमा इनारको पूजापाठ गर्नुका साथै किसानले उत्पादन गरेको अन्नलाई सबैभन्दा पहिले इनारमा चढाउने परम्परा रहेको जीराभवानी गाउँपालिका–३ परसवाका सेवानिवृत्त शिक्षक जगदीश गौरोले रहेको उनले बताए। तर अहिले पुराना इनार लोप हुँदै गएका शिक्षक गौरोले बताए। विगतमा गाउँका हरेक टोल र हरेक मठमन्दिरमा कम्तीमा एउटा इनार हुन्थ्यो।

इनारलाई ढाकछोप नगरिएकोले त्यसमा फोहरमैला, धूलो परेर दूषित हुने हुँदा पिउन नमिल्ने नयाँ पुस्ताको तर्क छ। जसका कारण ऐतिहासिक इनारको संरक्षण गर्नुभन्दा मोटरजडित चापाकल जडान गर्ने चलन बढेको छ। सो चापाकलबाट पानी भने निकै खेर जान्छ।

गापा–४ दाप सुगौलीस्थित गुदरबाबा स्थानमा रहेको इनारको पानी अहिले पनि सर्वसाधारणले खाना पकाउन र पिउनको लागि प्रयोग गर्दै आएको थारूले बताए।

इनारप्रति हिन्दू धर्मावलम्बीको आस्था जोडेको हुँदा यसको संरक्षण गर्न आवश्यक रहेको उनले बताए। सङ्घीयता लागू भएको छ वर्षभन्दा बढी समय बितिसक्दा पनि स्थानीय सरकार र जनप्रतिनिधिहरूले इनारको संरक्षणमा कुनै चासो नदेखाएको उनले बताए।

थारू कल्याणकारी समिति, पर्साका पूर्वउपाध्यक्ष तथा थारू भाषाका कवि उनले वीरगंज महानगरपालिका–३१ बेलवास्थित घरमा काठको इनारलाई आफूले अहिलेसम्म सुरक्षित राखेको बताए।

पुर्ख्यौली काठको इनारलाई २०१८ सालमा जीर्णोद्धार गरी पक्की बनाइ प्रयोग गरिरहेको कवि दासले बताए। उनले इनारहरूमा ऐतिहासिक शिलालेखहरू पनि रहेकाले यसको संरक्षण गर्न आवश्यक रहेको बताए। इनारको संरक्षण गर्न नसके भोलिका सन्ततिलाई इनार देखाउन नसकिने उनले बताए।

# गधासँग अटो ठोक्किंदा एकजना घाइते

प्रस, निजगढ, २१ मङ्सिर/

छाडा चौपाया गधासँग अटो ठोकिएर पल्टिंदा अटोमा सवार एकजना गम्भीर र एकजना सामान्य घाइते भएका छन्। घाइते हुनेमा निजगढ नगरपालिका–१० लालकी ३० वर्षीया सरु वाईवा गम्भीर र अटोचालक सोही ठाउँका छेचाङ स्याङ्तान सामान्य घाइते भएको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।

निजगढ बजार अटो पार्किङबाट लालतर्फ जाने क्रममा पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत निजगढस्थित जमुना पैनी आसपासको सडकमा ना.१ह ५१२४ नम्बरको अटो बुधवार साँझ करीब ७ बजे गधासँग ठोक्किंदा अटो पल्टिएर दुर्घटना भएको हो। घाइते वाईवाको घाँटीनजीकैको देब्रेतर्फको कुमको हड्डी भाँचिएको छ। उनको उपचार हेटौंडास्थित सन्चो अस्पतालमा भइरहेको छ। ट्राफिक प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निजगढ नगरपालिकाले छाडा चौपायालाई नियन्त्रण नगर्दा दुर्घटना हुन पुगेको हो। प्रहरीलाई भन्दा बेवास्ता गर्ने गरेको स्थानीयले बताए।

छाडा चौपायालाई नियन्त्रणमा लिई व्यवस्थापन नगर्दा मोटरसाइकल, अटो, कार, जीप जस्ता साना सवारीसाधनहरू दुर्घटनामा पर्नुका साथै त्यसमा सवार यात्रु, चालकहरू घाइते भइरहेका छन्। दशैं, तिहार, छठ पर्वमा राजमार्ग, सडकमा सवारीसाधनको अत्यधिक चाप हुने समयमा छाडा चौपाया सडकमा दिनरात रहँदा व्यवस्थापन गर्न निजगढ नगरपालिका, ट्राफिक प्रहरी कार्यालय निजगढ, इलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी सुरक्षा बेस निजगढलाई भन्दा पनि बेखबर बन्दै आएका छन्।

बकैया पुल सडक किनारमा पाल टाँगेर सिलौटा, जातो बनाउनेहरूले ढुङ्गा बोक्न गधा, घोडाको प्रयोग गर्ने र अन्य समयमा छाडा छाड्ने गरेपछि दुर्घटना बढ्ने गरेको छ।

# सप्तरीमा राष्ट्रिय एकता अभियानको सम्मेलन

प्रस, वीरगंज, २१ मङ्सिर/

सप्तरी जिल्लाको राजविराजमा राष्ट्रिय एकता अभियानको जिल्ला सम्मेलन सम्पन्न भएको छ। सो सम्मेलन सङ्घीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र इस्लामिक अतिवादविरुद्ध चेतना जगाउने उद्देश्यले आयोजना गरिएको अभियानले जनाएको छ।

सम्मेलन पार्थव सरकारको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथि अभियानका राष्ट्रिय अध्यक्ष विनय यादव थिए। कार्यक्रममा अभियानका वरिष्ठ नेता बिपी यादव, नेपाली काङ्ग्रेसका जिल्ला उपाध्यक्ष रामकुमार यादव, पूर्वउपप्रमुख मीना चौधरी, कथाकार पण्डित रामकुमार शास्त्री, सर्वेश्वरी झा, हिन्दू नेता अरविन्द साह र डा चिरञ्जीवीलाल देवलगायतको सहभागिता थियो।

नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ। सम्मेलनमा हिन्दू धर्मको महत्त्व र नेपालको राष्ट्रिय पहिचानबारे प्रकाश पारिएको थियो।



तस्वीरः प्रतीक

त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र इस्लामिक कट्टरपन्थीविरुद्ध निरन्तर आवाज उठाइरहेको छ। सम्मेलनमा यस्ता खतराबारेमा जनचेतना जगाउने र सोको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको थियो।

सम्मेलनमा पार्थव सरकारको अध्यक्षतामा ११ सदस्यीय जिल्ला तदर्थ समिति पनि गठन गरिएको छ। समितिको मुख्य उद्देश्य सप्तरी जिल्लामा अभियानको प्रचारप्रसार र सङ्गठनलाई बलियो बनाउनु रहेको छ।

सम्मेलनको समापनमा अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न अभियान प्रतिबद्ध रहेको बताए। उनले समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास जारी रहने बताए। उनले अभियानको उद्देश्य देशलाई कमजोर हुन नदिने रहेको बताए।

## सुक्खा बन्दरगाह ...

८१ हजार एक सय) र १३ प्रतिशत मूल्य अभिवृद्धि कर (आठ लाख ७८ हजार १६३) जोड्दा करीब ७६ लाख ३३ हजार कुल खर्च लाग्थ्यो भने सरकारले बढाएको ५० प्रतिशत मूल्याङ्कनको दरले भन्सार महसूल छ लाख ६० हजार ८२५ र मूल्य अभिवृद्धि करमा चार लाख ६७ हजार ७१३ गरी कुल ११ लाख २८ हजार बढी पर्ने बुझिएको छ।

एक कन्टेनरमा खरीद मूल्य २२ हजार डलर बढ्छ (नेरु २९ लाख ३७ हजार)। यसमा साढे डेढ प्रतिशत भन्सार महसूल लाग्छ। अर्थात् १५ प्रतिशतबाट साढे २२ प्रतिशतको दरले भन्सार महसूल मात्र छ लाख ६० हजार ८२५ र भ्याट चार लाख ६७ हजार ७१७ गरी ११ लाख २८ हजार बढी खर्च पर्ने भएकोले व्यवसायीहरूले माल छुटाउन बन्द गरेका छन्।

व्यवसायीहरूले सिपमेन्ट भइसकेको मालसामान पनि पुरानै दरले भन्सार जाँचपास हुनुपर्ने माग राखेका छन्। भन्सार विभागले परिपत्र गरेको पत्रमा लाइटरको भन्सार दरबन्दीको मूल्य मात्र वृद्धि गरिएको जानकारी गराएको छ। भित्र्याइसकेको र सिपमेन्ट भइसकेको वा भित्र्याउन बाँकी रहेको सामानमा कति मूल्याङ्कन गर्नेबारेमा स्पष्ट पारिएको थिएन। तर गत शुक्रवार नै भन्सार विभागले परिपत्र गरिसकेपछि नयाँ नीति अनुसार नै लाइटरको जाँचपास गर्ने भन्सार कार्यालयहरूको तयारी छ।

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाहका प्रमुख भन्सार अधिकृत डा रामप्रसाद मैनालीका अनुसार एक साताअघि दैनिक दुई/तीन वटा लाइटर लोड कन्टेनर जाँचपास हुने गरेकोमा अहिले एक सातादेखि ठप्प रहेको जानकारी गराए। सरकारले एउटै एचएस कोडमा पटक–पटक भन्सार दरबन्दीमा फेरबदल गर्दा बिलिङ रकमभन्दा बढीको रकम आयातकर्ताले हुन्डीमार्फत सप्लायरलाई पठाउनुपर्ने झन्झट खेप्नुपर्ने समस्या रहेको बताइएको छ।

# ट्रक नियन्त्रण

प्रस, वीरगंज, २१ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी खुद्रा सामानहरू लोड गरेको ट्रक नियन्त्रणमा लिएको छ।

मङ्गलवार राति वीरगंजबाट काठमाडौं जाँदै गरेको ना.४ख ७९१७ नम्बरको ट्रकलाई वीरगंज–२१ परवानीपुरचोकमा चेकजाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी सामान देखिएपछि कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ।


## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्छ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मरम्मतसम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौड्ने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड